कर बुलेटिन
Tax Bulletin
http://www.ird.gov.np आन्तरिक राजस्व विभागको प्रकाशन

वर्ष २, अङ्क ३, २०७० पुस-माघ Vol 2, Issue 3, January 2014

# पौषसम्मको राजस्वको संकलन सन्तोषजनक

आर्थिक वर्ष २०७०/०७१ मा आन्तरिक राजस्व विभागको राजस्वको वार्षिक लक्ष्य रु.१ खर्व ३७ अर्व ७५ करोड ८२ लाख रहेको छ। सो मध्ये पौष महिनासम्मको लक्ष्य रु.६२ अर्व १२ करोड ३१ लाख राखिएकोमा असुली रु.६३ अर्व १३ करोड २१ लाख भई पौषसम्मको लक्ष्यको तुलनामा १०२ प्रतिशत वार्षिक लक्ष्यको

पौष मसान्तसम्मको राजस्व संकलन (रु.करोडमा)

| कर शिर्षक | बार्षिक लक्ष्य (२०७०/०७१) | २०७०/७१ पौषसम्म लक्ष्य | २०७०/७१ पौषसम्म असूली | बार्षिक लक्ष्यका तुलनामा | पौषसम्मको लक्ष्यका तुलनामा | गत बर्षको तुलनामा |
|---|---|---|---|---|---|---|
| आन्तरिक राजस्व बिभाग | १३७७५.८२ | ६२१२.३२ | ६३१३.२२ | ४५.८३ | १०१.६२ | ११६.०१ |
| मु.अ.कर (आन्तरिक) | ३२८४.५२ | १५६३.९३ | १६१५.५५ | ४९.१९ | १०३.३० | ११९.७२ |
| अन्तशुल्क (आन्तरिक) | २६९४.२५ | १२०७.८३ | १२१९.६५ | ४५.२७ | १००.९८ | १२०.६१ |
| स्वास्थ्य सेवा | ३७.९४ | २३.१४ | २६.०५ | ६८.६६ | ११२.५८ | |
| शिक्षा सेवा शुल्क | ३८.२५ | १९.२२ | २५.७३ | ६७.२६ | १३३.८३ | १५७.१८ |
| आयकर | ७७२०.८६ | ३३९८.२० | ३४२६.२४ | ४४.३८ | १००.८३ | १११.७९ |
| भन्सार बिभाग | १५७५६.९० | ७७१५.९५ | ७३५३.२१ | ४६.६७ | ९५.३० | ११९.९६ |
| भन्सार महशुल | ६९३५.३९ | ३२५५.९० | ३२४८.७१ | ४६.८४ | ९९.७८ | ११९.९९ |
| मू.अ.क. (पैठारी) | ७०२१.४२ | ३५४९.४८ | ३१८२.८९ | ४५.३३ | ८९.६७ | ११९.४७ |
| अन्त:शुल्क (पैठारी) | १८००.०९ | ९१०.५७ | ९२१.६१ | ५१.२० | १०१.२१ | १२१.५७ |
| अन्य बिभाग | १९३१.२८ | ९७४.९७ | ६०८.३२ | ३१.५० | ६२.३९ | १५५.९९ |
| रजिष्ट्रेशन दस्तुर | ४५०.५७ | २१४.११ | २३५.५३ | ५२.२७ | ११०.०० | १३५.२० |
| सवारी साधन कर | ५५०.०३ | २७५.५२ | २१९.७४ | ३९.९५ | ७९.७५ | १०१.८४ |
| जम्मा कर राजश्व | ३१४६४.०० | १४९०३.२४ | १४२७४.७५ | ४५.३७ | ९५.७८ | ११९.३४ |
| जम्मा गैर कर राजश्व | ३९८६.०० | १९१५.०८ | २०६९.६८ | ५१.९२ | १०८.०७ | १४२.६४ |
| जम्मा | ३५४५०.०० | १६८१८.३२ | १६३४४.४३ | ४६.११ | ९७.१८ | १२१.८६ |

तुलनामा ४६ प्रतिशत प्रगति हाँसिल भएको छ। सो प्रगति गत वर्षको यही अवधिको असुलीको तुलनामा ११६ प्रतिशतले बढी हो।

पौष महिनासम्मको राजस्व असुलीको शिर्षकगत रुपमा विश्लेषण गर्दा आयकर तर्फ

बाँकी ५ पेजमा....

# कर प्रशासन कडा रुपमा प्रस्तुत हुँदै




कार्यक्रमको उद्घाटन तथा सम्बोधन गर्नुहुँदै अर्थमन्त्री श्री शंकरप्रसाद कोइराला

आन्तरिक राजस्व विभागको आयोजनामा पुस २६ गते शुक्रवार होटल मल्लमा विभिन्न नियामक निकायसँग अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ। आर्थिक अध्यादेश २०७० ले प्रदान गरेको छुट सुविधाको समयावधी सकिनै लाग्दा विभिन्न नियामक निकायहरुलाई आफू अन्तर्गतका व्यवसायीहरुलाई छुट सुविधाको वारेमा जानकारी गराइदिन आग्रह गर्दै कार्यक्रमको आयोजना गरिएको हो। कार्यक्रममा प्रमुख अतिथि माननीय अर्थमन्त्री श्री शंकरप्रसाद कोइरालाले पुस महिना व्यवसायीहरुको लागि महत्वपूर्ण महिना रहेको बताउनुहुँदै कार्यक्रम निकै सान्दर्भिक रहेको बताउनुभयो। नियामक निकायसँग कर प्रशासनको सामिप्यता होस् भन्नुहुँदै अर्थमन्त्री श्री कोईरालाले नियामक निकायको साथ विना अर्थ मन्त्रालय सफल हुन नसक्ने बताउनुभयो। करदाता सक्षम भए मात्रै राज्यले दिने सुविधा बढ्ने बताउनुहुँदै उद्योगी व्यवसायीको समस्या देखेर नै आर्थिक अध्यादेश मार्फत छुट सुविधा ल्याइएको बताउनुभयो। सरकारले फेरि पनि छुट सुविधाको समय बढाउँछ भनेर आश नगरौं भन्दै उहाँले उद्योगी व्यवसायीलाई तोकिएको समयभित्र छुट सुविधाहरुको अधिकतम उपयोग गर्न अनुरोध गर्नुभयो। अर्थतन्त्रको साँचो निर्वाचित अर्थमन्त्रीलाई हस्तान्तरण गर्न आफू आतुर रहेको बताउनुभयो।

आर्थिक अध्यादेशले दिएको सुविधाको समय सकिएपछि राजस्व प्रशासन कानुनी कारवाहीको लागि अग्रसरहुने भन्दै उहाँले उपस्थित नियामक निकायका प्रमुखहरुलाई करको दायरा विस्तार गर्ने कार्यमा कर प्रशासनलाई सहयोग गर्ने समेत आग्रह गर्नुभयो।

कार्यक्रममा अर्थ सचिव श्री शान्तराज सुवेदीले नियामक निकायहरु राज्यको

बाँकी ३ पेजमा...

## ऑखीझ्याल

चीनिया व्यवसायीहरूलाई कर शिक्षा — पृष्ठ ४

कार्यालयहरूको अनुगमन तथा निरीक्षण — पृष्ठ ८

अन्तर्राष्ट्रिय तालिम तथा भ्रमण — पृष्ठ १०



आम उपभोक्ता नै वास्तविक करदाता हुन्।



# महानिर्देशकको सन्देश

**सरकारले छुट सुविधाहरूको योजना तथा कार्यक्रम ल्याउनुको पछाडिको कारणमा खास गरी विगतको विविध समस्याले करको दायरामा आउन नसकेका र आएर पनि सहभागिता जनाउन नसकेकाहरूलाई एक पटक मौका अवसर दिई फरफारक गराउने रहेको थियो । जुन व्यक्ति निकायले उक्त अवधिमा सहभागिता जनाउन सके ती व्यक्ति तथा करदाताले अवसरको सदुपयोग गरे भने जसले सहभागिता जनाउन पाएनन् वा सकेनन् त्यस्ता व्यक्ति करदाताहरू सो अवसरबाट वञ्चित मात्र भएनन् बढी कर दायित्वको जोखिममा समेत परेका छन् । अब दर्ता नभएका वा दर्ता भएर पनि विवरण पेश नगर्नेहरू कर प्रशासनको निगरानी र अनुगमनको तारो हुनेछन् ।**

आर्थिक वर्ष २०६९/७० मा थालनी गरिएको कर प्रणाली सुधारको कार्यलाई यस वर्ष पनि निरन्तरता दिईएको छ । गत वर्ष करको चर्चा घर घरसम्म पुऱ्याउने अभियान अन्तर्गत वर्षभर नै करदाता शिक्षा सूचना तथा सञ्चार र कर जागरण सम्बन्धी कार्यक्रमहरु मुलुकभर सञ्चालन गरी करदाता र आम नागरिकलाई करको चेतना सम्प्रेषण गरिएको थियो । यो जागरण अभियानमा निजी क्षेत्र, उद्योग वाणिज्य महासंघ तथा आम करदाताबाट प्राप्त सुझावहरु समेतलाई ध्यान दिई सरकारले चालु आर्थिक वर्षमा आर्थिक अध्यादेश २०७० मार्फत् कर सहभागिता जनाउन तथा पुरानो विवरणहरु फछ्र्यौट गर्नका लागि विशेष छुट तथा सुविधाहरु सहित २०७० पौष मसान्तसम्मको समयावधि तोकिएको थियो ।

आर्थिक अध्यादेश २०७० बाट हालसम्म करको दायरामा नआएकालाई पछिल्लो २ वर्षको आय विवरण र कर दाखिला गरेमा दायरामा आउन सकिने, वर्षौंदेखि करमा दर्ता भएर पनि आय विवरण पेश नगरेकाहरुले पछिल्लो २ वर्षको विवरण र कर दाखिला गरेमा विगतको जरिवाना, ब्याज मिन्हा हुने व्यवस्था थियो । त्यस्तै सहकारी, सञ्चार, इट्टा उद्योगहरुको लागि पनि विशेष छुट सुविधा दिइएको थियो भने मिसम्याचमा परेका करदाताहरुलाई मुअकर वापत २.५ प्रतिशत र आयकर १.५ प्रतिशत सहित कारोवार अंकको जम्मा ४ प्रतिशत भुक्तानी गरेमा फरफारक हुने व्यवस्था गरिएको थियो । उपरोक्त छुट सुविधाका कार्यक्रमहरुमा इट्टा उद्योगहरु अधिकांश भ्याटमा दर्ता भई सन्तोषजनक सफलता हासिल भएको छ भने अन्य छुट सुविधाका कार्यक्रममा अपेक्षित उपलब्धि हासिल हुन सकेन ।

करदाताहरु करको दायरामा आउन नसक्नु र आय विवरण पेश नगर्नुमा कतिपय अवस्थामा कर प्रशासनकै प्रचार प्रसारको कमी भएको हो कि भन्ने धारणाहरु पनि सार्वजनिक रुपमा आएको र समय थप गर्नु पर्ने माग पनि निजी क्षेत्रबाट आएको थियो । यसमा कर प्रशासनले अधिकतम प्रयास गरेको हो र पुनः समय थप हुँदा पनि खासै उपलब्धि हुन सक्ने अवस्था नदेखिएकाले समय थप गरिएन । निजी क्षेत्रबाट आर्थिक अध्यादेशमार्फत् छुट सुविधाका कार्यक्रमहरु ल्याउनका लागि अत्याधिक पहल भएको थियो तर कार्यान्वयनको अवस्थामा भने त्यो हद वा तहको जागरुकताको कमीले खास करदाताले जानकारी नै पाएनन् भन्ने पनि गुनासो आयो । शहर र व्यापारिक केन्द्रमा उद्योग व्यापार क्षेत्रका प्रतिनिधिहरुसँग गरिएको अन्तर्क्रिया छलफलहरु प्रतिनिधिहरुसँग नै सीमित रहन पुग्यो तलसम्म सञ्चार हुन सकेन भन्ने आम गुनासो रहेको पाइएको छ । कर प्रशासनले आफ्नो तर्फबाट सञ्चारमाध्यम मार्फत् प्रशस्त प्रचार गरेको छ। कर प्रशासनले निजी क्षेत्रका छाता संगठनका प्रतिनिधिहरुमार्फत् करदातासम्म सन्देश पुग्ने अनुमान रहेको थियो । तर यस कार्यक्रममा मोफसल र दुर्गम क्षेत्रहरुभन्दा काठमाडौं उपत्यकामा नै सहभागिता कमी रहेको पाइएको छ ।

सरकारले यस्तो छुट सुविधाहरुको योजना तथा कार्यक्रम ल्याउनुको पछाडिको कारणमा खास गरी विगतको विविध समस्याले करको दायरामा आउन नसकेका र आएर पनि सहभागिता जनाउन नसकेकाहरुलाई एक पटक मौका अवसर दिई फरफारक गराउने रहेको थियो। जुन व्यक्ति निकायले उक्त अवधिमा सहभागिता जनाउन सके ती व्यक्ति तथा करदाताले अवसरको सदुपयोग गरे भने जसले सहभागिता जनाउन पाएनन् वा सकेनन् त्यस्ता व्यक्ति करदाताहरु सो अवसरबाट वञ्चित मात्र भएनन् बढी कर दायित्वको जोखिममा समेत परेका छन्। अब दर्ता नभएका वा दर्ता भएर पनि विवरण पेश नगर्नेहरु कर प्रशासनको निगरानी र अनुगमनको तारो हुनेछन्।

गत आर्थिक वर्षको शुरुवातदेखि चालु आवको पौष मसान्तसम्म कर जागरण र सेवाको विषयलाई प्राथमिकता दिई कार्यसम्पादन गरियो। चालु आर्थिक वर्षमा दोस्रो राष्ट्रिय कर दिवसको अवसरमा **'उच्च व्यावसायिक नैतिकताको सम्मान, करदाता मैत्री कर प्रशासनको अभियान'** नारा तय गरिएको थियो। अब कर प्रशासनको रणनीति भनेको **'कर प्रणाली परिपालना'** **(Enforcement)** मा रुपान्तरण गर्नुपर्ने भएको छ । कर कानुनको वा प्रणालीको परिपालना अन्तर्गत नियमनकारी कार्यहरु पर्दछन्। जसमा करदर्ता, अनुगमन, कर परीक्षण, अनुसन्धान, बील बिजक अनुगमन, कर सहभागिता नजनाउनेहरुको अनुगमन र निगरानी, सूचना संजाल प्रणालीको निर्माण गरी राजस्व जोखिम न्यूनीकरण गर्न कर कानुनको कार्यान्वयनमा जोड दिनुपर्ने विषय पर्दछन्।

अबको कर प्रशासनको रणनीति अन्तर्गत विभाग पूर्णत अन्तर्गत कार्यालयहरुको काम कारवाहीमा सहजीकरण र अनुगमनमा केन्द्रित रही विभागले विशेष परिस्थिति र महत्वको विषयहरुमा निगरानी र अनुगमन, अनुसन्धान गर्नेछ। मातहतका निकायहरुबाट प्रवाह गरिने सेवाको स्तर तथा मापदण्डहरु तर्जुमा लगायतका कर प्रणाली र प्रशासनमा सुधारमा नीतिगत विषयहरुमा विभाग केन्द्रित रहनेछ । अन्तर्गत कार्यालयहरु अख्तियार गरिएका नीति तथा सुधार योजनाहरु कार्यान्वयनमा क्रियाशिल रहनेछन् ।

जहाँसम्म कर प्रशासनको तत्कालको जिम्मेवारी भनेको चालु आर्थिक वर्षको पौष मसान्तसम्मको समयावधि दिई कार्यान्वयनमा ल्याइएको छुट सुविधाको कार्यक्रमहरुमा सहभागिता जनाउन नआएका र हालसम्म कर सहभागिता नजनाएका व्यक्ति निकायहरुलाई कारवाहीको दायरामा पारी करको दायित्व सिर्जना गरी कर असुल गर्ने रहेको छ। जसमा सवै आन्तरिक राजस्व कार्यालय तथा करदाता सेवा कार्यालयहरुले आफ्नो कार्य क्षेत्रको व्यापार, व्यवसाय, पेशा गर्ने व्यक्ति संस्थाहरु पहिचान गरी अनिवार्य रुपमा करको दायरामा ल्याई कर दायित्व निर्धारण गर्नेछन् ।

त्यसै गरी करमा दर्ता भएर विगतदेखि कारोवार गरिरहेका तर विवरण पेश नगरेका वा कर नबुझाएका व्यक्ति, संस्थाहरु सूचना प्रविधि र भौतिक अनुगमनबाट समेत पत्ता लगाई कारवाहीको दायरामा ल्याइने छ। विगतमा दर्ता भएर हालसम्म एक पटक पनि विवरण पेश नगरेका र छ महिना भन्दा बढी अवधि निरन्तर विवरण पेश नगरेका मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाताहरुको विवरण सूचना प्रणालीमा राखिएको छ । ती करदाताहरुको पहिचान भई सकेकोले निगरानी राख्न र आयात निर्यात कारोवार रोक्का राख्नका लागि भन्सार विभाग मार्फत् अन्तर्गत भन्सार नाकाहरुमा विवरण पठाइने छ । त्यसै गरी सम्वन्धित नियमन निकायहरुमा समेत त्यस्तो विवरण पठाई ती निकायहरुबाट समेत करदाता, व्यवसायीको अनुगमन, निरीक्षण, नविकरण लगायतका कार्यहरु गर्दा कर भुक्तानी तथा बाँकी दायित्व र कर कानुनको परिपालनाका पक्षमा समेत अनुगमन गरी सम्वन्धित आन्तरिक राजस्व कार्यालय वा आन्तरिक राजस्व विभागमा सूचना प्राप्त गरिनेछ।

नियमनकारी निकायहरुमा दर्ता नै नगरी पनि कतिपय पेशा व्यवसाय सञ्चालन भइ रहेको सर्वेक्षणबाट पाइएकोले त्यसरी व्यवसाय पेशा सञ्चालन गर्न नदिन रोक लगाउन नियमनकारी निकायलाई आग्रह गरिएको छ । त्यसै गरी विल विजक निगरानी तथा अनुगमनका लागि मूल्य अद्विवृद्धि कर ऐन २०५२ बमोजिम विद्युतीय प्रणालीबाट विजक जारी गर्न स्वीकृत दिने र कार्यान्वयन गर्ने वारे कार्यविधि अन्तिम चरणमा पुगेको छ। निकट भविष्यमा वील विजक जारी गर्ने विद्युतीय प्रणाली लागू गरी चुहावट भएको मूल्य अभिवृद्धि कर असुलीमा गतिलो फड्को हुनेछ।

अन्तमा मुलुकमा संविधानसभा निर्वाचन सम्पन्न भई संसद समेत गठन भई सकेकोले निर्वाचित संसद र जननिर्वाचित सरकार मार्फत् कर प्रणाली र कर प्रशासन सुधारका विशेष योजना स्वीकृत गरी कार्यान्वयनमा ल्याइने छ।

माघ, २०७०

**टंकमणि शर्मा**
**महानिर्देशक**

१ पेजको बाँकी.....

तर्फबाट खडागरीएका र स्वनियामक गरी दुई प्रकारको हुन्छन् भन्नुहुँदै स्वनियामक निकायले चाहेमा जसरी पनि आफ्ना सदस्यहरुलाई करको दायरामा ल्याउन सक्ने बताउनुभयो । राज्यले दिएको सुविधाको उपयोग कम भएको भन्नुहुँदै नियामक निकायहरुलाई सुविधाको उपयोग गर्ने वातावरण बनाइदिन आग्रह गर्नुभयो। भोलि कर प्रशासनले समात्यो भने हामी सहयोग गर्न सक्दैनौं भनेर नियामक निकायले जानकारी दिन सक्नु पऱ्यो भन्नुहुँदै अर्थ सचिव श्री सुवेदीले ईंटा व्यवसायीहरुले बढीभन्दा बढी सुविधाको उपयोग गरेकोमा इँट्टा व्यवसायीहरुलाई धन्यवाद समेत दिनुभयो। माघ १ गतेबाट आर्थिक अध्यादेश २०७० ले प्रदान गरेको छुट सुविधाको समय सीमा समाप्त भएपछि कर प्रशासन कडा भएर प्रस्तुत हुने बताउनुभयो । कर प्रशासनलाई माघपछि कडा हुन अर्थ मन्त्रालयले कडा निर्देशन दिएको छ । यो उत्कृष्ट अवसरलाई उपयोग गर्नुहोस्। आफ्ना सदस्यहरुलाई सन्देश पुऱ्याइदिनुहोस् । सुविधाको उपयोग गरेमा, कसैसँग डराउनु पर्दैन अर्थ सचिव सुवेदीले भन्नुभयो ।

अर्थ मन्त्रालय राजस्व महाशाखाका प्रमुख श्री राजन खनालले अमेरिकामा सन् १८७८ मा नियामक निकायको गठन भएको प्रशंग झिक्दै सन् १९९४ पश्चात् स्वनियामक निकायहरुले काम गर्नथालेको बताउनु भयो । नियामक निकाय भनेका विज्ञहरुको निकाय रहेको बताउनुहुँदै नियामक निकायका पदाधीकारीहरु सक्षम छौं कि छैनौं, हामीले गरेको काम ठीक छ कि छैन भनेर विचार गर्न समेत आग्रह गर्नुभयो । सबै ठाउँमा सरकार जान सक्दैन, त्यसै कारणले नियामक निकायको गठन भएको हुन्छ त्यसैले नियामक निकायहरुले जिम्वेबारीबोधका साथ कार्यसम्पादन गर्नु पर्दछ।

आन्तरिक राजस्व विभागका महानिर्देशक श्री टंकमणि शर्माले यसअघि करदाताहरुसँग थुप्रै अन्तर्क्रिया गरिएको बताउनुहुँदै कार्यक्रममा २५-३० वटा नियामक निकायका प्रमुखहरुको उपस्थितिले कार्यक्रम सफल भएको बताउनुभयो। उहाँले व्यवसाय दर्ता नभई कारोवार गर्ने, दर्ता भएर पनि करको दायरामा नआउने करको दायरामा आएर पनि विवरण नबुझाउनेहरुलाई नियामक निकायहरुले झक्झक्याइदिन आग्रह गर्नुभयो। आर्थिक अध्यादेश २०७० ले छुट दिएका सुविधाहरुको उपयोग गर्नुहोस् भन्नुहुँदै यो छुट सुविधाको समयसीमा समाप्ती पश्चात करमा सहभागीता नजनाउने करदाताहरुलाई कारवाही गरिने कुरा समेत जानकारी गराउनुभयो । उहाँले सहकारीको उदाहरण प्रस्तुत गर्नुहुँदै मुलुकभरमा झण्डै ३० हजार सहकारीहरु दर्ता रहेको भएपनि कर प्रशासनमा १५/१६ हजारको हाराहारीमा मात्र दर्ता भएको बताउनुहुँदै समग्र आर्थिक, सामाजिक, वाणिज्य, घरेलु, सहकारीमा दर्ता भएका सबै व्यवसायीहरु करमा दर्ता नहुनुले करको दायरा अपेक्षाकृत रुपमा फराकिलो वन्न नसकेको वताउनु भयो ।



कार्यक्रममा उपस्थित कर प्रशासक तथा नियामक निकायका प्रमुखहरु



अर्थसचिव श्री शान्तराज सुवेदी



उपमहानिर्देशक श्री राममणि दुवाडी

वीमा समितिका अध्यक्ष फत्तबहादुर केसीले कार्यक्रम निकै महत्वपूर्ण रहेको र नियामक निकायको भूमिका के हो ? कार्यक्रमबाट धेरै कुरा सिक्ने अवसर पाएको बताउनुभयो ।

धितोपत्र वोर्डका अध्यक्ष बाबुराम श्रेष्ठले नेपाल धितोपत्र बोर्ड नेपालको पूँजी बजारको नियमनकारी निकाय रहेको बताउनुहुँदै बस्तु बजारको नियमनको लागि अर्थमन्त्रीबाट निर्देशन आइसकेको बताउनुभयो । वोर्डको संलग्नतामा दिने लाइसेन्स कर चुक्ता प्रमाणपत्र लिएर मात्रै दिने गरेको बताउनुहुँदै नेपाल धितोपत्र बोर्डले नेपाल धितोपत्र वोर्ड ऐन २०६३ अनुसार काम गरिरहेको र ऐन नियम बनाइरहेको बताउनुभयो । धितोपत्र बोर्डले लगानीकर्ताहरुलाई पनि प्यानमा दर्ता हुन अनिवार्य गर्न लागेको बताउनुभयो ।

राष्ट्रिय सहकारी संस्थाका अध्यक्ष एवं व्यवस्थापिका संसदका माननिय सदस्य श्री केशव वडालले नागरिकहरुको नाताले राष्ट्रलाई कर तिर्नु पर्दछ भन्दै सरकारले दिने सुविधा जनताले उपभोग गर्न नपाइरहेको भए पनि

कर तिरिरहेको बताउनुभयो। उहाँले संसारमा सहकारी क्षेत्रले बढी भन्दा बढी कर तिर्ने जनशक्ति तयार पार्ने बताउनुभयो। राज्यको अर्थतन्त्रमा सहकारीको भूमिका महत्वपूर्ण रहेको बताउनुहुँदै उहाँले छुट सुविधाको वारेमा सवैसहकारीहरुलाई जानकारी गराईएको बताउनु भयो । सोही क्रममा उहांले आफू अन्तर्गतका सहकारीहरुलाई पुस मसान्तसम्म करको दायित्वबाट मुक्तहुन आग्रह गर्दै अटेर गर्नेको जिम्मेवारी आफूहरुले नलिने र कर प्रशासनले कारवाही गर्नुपर्ने समेत वताउनु भयो ।

नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष श्री पशुपति मुरारकाले आफूहरुले जहिल्यै पनि उद्योग धन्दा दर्ता भएपछि पनि करमा दर्ता हुनुपर्ने अनिवार्य गरेको बताउनुभयो । सरकारले दिएको छुट सुविधाको अवसर राम्रो रहेको बताउनुहुदै आफ्ना सदस्यहरुलाई सुविधाको सदुपयोग गर्न प्रत्येक जिल्लाका उद्योग वाणिज्य संघलाई निर्देशन दिएको बताउनुभयो ।

कार्यक्रमको दोस्रो सत्रमा आन्तरिक राजस्व विभागका उपमहानिर्देशक श्री राममणि दुवाडीले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो। कार्यपत्र प्रस्तुतिकरणपछि महानिर्देशक श्री टंकमणि शर्माले सहभागीहरुको जिज्ञासाको समाधान गर्नुभएको थियो। सो क्रममा उहाँले माघ १ गते पछि कर प्रशासन कडा भएर प्रस्तुत हुने बताउनुभयो। कानुनको दायराभन्दा बाहिर गएर कुनै व्यवसाय गर्न नहुने बताउनुहुँदै त्यस्तो भयो र कर प्रशासनले हात हाल्न पर्‍यो भने त्यसको परिणाम राम्रो नआउने बताउनुभयो। सो अवस्थामा कर प्रशासनले आयात निर्यात रोक्का गर्ने, बैंक खाता रोक्का गर्ने, जग्गा जमिन बेच विखनमा रोक्का गर्ने आदि गर्न वाध्य हुनुपनुपर्ने बताउनुभयो ।

कार्यक्रममा विभिन्न नियामक निकायका प्रमुखहरु, ठूला करदाता कार्यालय लगायत काठमाडौंस्थित आन्तरिक राजस्व कार्यालयहरु एवं करदाता सेवा कार्यालयहरुका प्रमुखहरु, खुद्रा व्यापार संघ, ग्यास विक्रेता महासंघ, नेपाल ईटा उद्योग व्यवसायी महासंघ, ललितपुर उद्योग वाणिज्य महासंघ, भूमिसुधार मन्त्रालयका प्रतिनिधि, नेपाल दूरसञ्चार प्राधिकरणका प्रतिनिधि लगायतको समेत सहभागीता रहेको थियो ।

# चीनियाँ व्यवसायीहरुसँग कर शिक्षा कार्यक्रम

आन्तरिक राजस्व विभागको आयोजनामा माघ ३ गते होटल अन्नपूर्णमा नेपालमा व्यवसाय सञ्चालन गरिरहेका चिनियाँ व्यवसायीहरुसँग कर कानुनका विषयमा अन्तर्क्रिया कार्यक्रम सम्पन्न गर्नसकिने तथा कुनै कर सम्बन्धी नीतिगत समस्या भए विभागमा र अन्य व्यवहारिक समस्याहरु भए नजिकको आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयहरुमा सम्पर्क गर्न आग्रह गर्नुभयो ।



कार्यक्रममा उपस्थित चाइनिज व्यवसायीहरुसँग उपमहानिर्देशकहरु श्री राजेन्द्रप्रसाद शर्मा, श्री राममणि दुवाडी लगायत अन्य सहभागीहरु

भएको छ । नेपालमा व्यापार व्यवसाय र ठेक्कापट्टाको काम गर्ने व्यवसायीहरुलाई कर प्रणालीका बारेमा जानकारी दिन सो कार्यक्रमको आयोजना गरिएको हो । नेपालमा व्यवसाय गर्दै आएका चिनियाँ व्यवसायीले कर कानुन पालना गर्न सजिलो होस भनेर उनीहरुलाई बोलाएर कार्यक्रम गरिएको हो। नेपालमा १ सय ८३ दिन भन्दा बढी समय बसोबास गरेर व्यवसाय गर्ने विदेशी व्यवसायीले पनि स्थानीय नागरिक सरह कर कानुन पालना गर्नुपर्छ ।

कार्यक्रममा आन्तरिक राजस्व विभागका उपमहानिर्देशक श्री राजेन्द्रप्रसाद शर्माले पहिलो पटक चिनियाँ व्यवसायीहरुसँग अन्तर्क्रिया आयोजना गरिएको हुँदा यस्ता कार्यक्रमले चिनियाँ व्यवसायीहरुलाई प्रशिक्षित गर्न सकेको विश्वास व्यक्त गर्नुभयो। उहाँले भविष्यमा पनि आवश्यकता भएको खण्डमा कार्यक्रमहरु सञ्चालन

चाइनिज इन्टरप्राइजेज एशोसिएसनका सेक्रेटरी श्री जु छिङ जिङ ले नेपालको कर कानुनको विषयमा विस्तृत रुपमा महत्वपूर्ण कुराहरु बुझ्न पाएकोमा खुसी व्यक्त गर्नुहुँदै नेपालको कर कानुनहरुको पालना गर्न चिनिया व्यवसायीहरु संधै तयार रहेको बताउनुभयो। कार्यक्रममा उपस्थित चिनियाँ व्यवसायीहरुलाई उपमहानिर्देशक श्री राममणि दुवाडीले स्वागत गर्नुभएको थियो भने विभागका निर्देशक श्री गोपाल घिमिरेले नेपालको कर कानुन विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कार्यपत्रमाथि व्यवसायीहरुको तर्फबाट राखिएको जिज्ञासाको श्री घिमिरेले नै समाधान गर्नुभएको थियो । विभागका निर्देशक श्री चन्द्रकला पौडेलले सञ्चालन गर्नु भएको कार्यक्रममा विभागका निर्देशकहरु लगायत ७० भन्दा बढी चीनियाँ व्यवसायीहरुको उपस्थिति रहेको थियो ।



कारोवारको यथार्थ लेखा राखी पारदर्शी बनौं

१ पेजको बाँकी...

यस आर्थिक वर्षको वार्षिक लक्ष्य रु.७७ अर्व २० करोड ८६ लाख रहेको छ। जसमध्ये पौष महिनासम्मको लक्ष्य रु.३३ अर्व ९८ करोड २० लाख राखिएकोमा संकलन रु.३४ अर्व २६ करोड २४ लाख भई वार्षिक लक्ष्यको तुलनामा ४४.३८ प्रतिशत, पौष सम्मको लक्ष्यको शतप्रतिशत र गत वर्षको सोही अवधिको तुलनामा ११२ प्रतिशतको प्रगति भएको छ।

त्यसैगरी मू.अ.कर तर्फको वार्षिक लक्ष्य आन्तरिक तर्फ रु.३२ अर्व ८४ करोड ५१ लाख र पैठारी तर्फ रु.७० अर्व २१ करोड ४२ लाख गरी जम्मा १ खर्व ३ अर्व ५ करोड ९४ लाख मध्ये पौष महिनासम्मको लक्ष्य आन्तरिक तर्फ रु.१५ अर्व ६३ करोड ९२ लाख र पैठारी तर्फ रु.३५ अर्व ४९ करोड ४८ लाख गरी जम्मा रु.५१ अर्व १३ करोड ४० लाख रहेकोमा संकलन आन्तरिक तर्फ रु.१६ अर्व १५ करोड ५४ लाख र पैठारी तर्फ रु.३१ अर्व ८२ करोड ८९ लाख गरी जम्मा रु. ४७ अर्व ९८ करोड ४४ लाख भई वार्षिक लक्ष्यको तुलनामा ४६.५३ प्रतिशत, पौषसम्मको लक्ष्यको तुलनामा ९३.८४ प्रतिशत र गत वर्षको यही अवधिको तुलनामा ११९.५६ प्रतिशत बढी असुली भएको छ। मू.अ.करको आन्तरिक तर्फको विश्लेषण गर्दा पौष मसान्तसम्मको लक्ष्यको तुलनामा १०३ प्रतिशत, वार्षिक लक्ष्यको तुलनामा ४९ प्रतिशत र गत वर्षको यही अवधीको असुलीको तुलनामा १२० प्रतिशत प्रगति भएको देखिन्छ। यसै अवधीको पैठारी तर्फ लक्ष्यको तुलनामा ८९.६७ प्रतिशत, वार्षिक लक्ष्यको तुलनामा ४५ प्रतिशत र गत वर्षको यही अवधीको असुलीको तुलनामा ११९.४७ प्रतिशत प्रगति भएको देखिन्छ।

अन्तःशुल्कको वृद्धिदर भने मू.अ.कर र आयकरको वृद्धिदरभन्दा बढी रहेको छ। गत वर्षको यही अवधिको तुलनामा अन्तःशुल्क तर्फ १२१ प्रतिशतको वृद्धिदर हासिल भएको छ। अन्तःशुल्कको वार्षिक लक्ष्य आन्तरिक तर्फ रु.२६ अर्व ९४ करोड २५ लाख र पैठारी तर्फ रु.१८ अर्व ९ लाख गरी जम्मा रु.४४ अर्व ९४ करोड ३४ लाख मध्ये पौष महिनासम्मको लक्ष्य आन्तरिक तर्फ रु.१२ अर्व ७ करोड ८२ लाख र पैठारी तर्फ रु.९ अर्व १० करोड ५७ लाख गरी जम्मा रु.२१ अर्व १८ करोड ३९ लाख रहेकोमा संकलन आन्तरिक तर्फ रु.१२ अर्व १९ करोड ६५ लाख र पैठारी तर्फ रु.९ अर्व १० करोड ६१ लाख गरी जम्मा रु.२१ अर्व ४१ करोड २७ भई वार्षिक लक्ष्यको तुलनामा

# कार्यगत लक्ष्य प्रगतिको अवस्था

आन्तरिक राजस्व विभाग अन्तर्गतका २३ वटा आन्तरिक राजस्व कार्यालयहरु र १३ वटा करदाता सेवा कार्यालयहरुको आ.व. २०७०/७१ को पौष महिनासम्मको कार्यगत लक्ष्य

**Grading Report (ALL IRO, LTO) up to Poush - 2070/71**

| Office Name | Audit | | Appeal | | Collection | | Investigation | | TP Services | | Total | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | Performance | Grade | Performance | Grade | Performance | Grade | Performance | Grade | Performance | Grade | Performance | Grade |
| KTM 2 - 28 | 104.05 | A++ | | | 108.5 | A++ | 97.1 | A++ | | | 100 | A++ |
| KTM 3 - 25 | 95.78 | A++ | | | 105.2 | A++ | 104 | A++ | | | 98.05 | A++ |
| Dhangadhi - 20 | 94.31 | A+ | | | 100.8 | A++ | | | 96.39 | A++ | 97.22 | A++ |
| Birgunj - 17 | 103.52 | A++ | | | 103.2 | A++ | | | 77.77 | A | 95.7 | A++ |
| Bhaktapur - 29 | 87.64 | A+ | | | 104.8 | A++ | | | 86.33 | A+ | 93.24 | A+ |
| Mahendranagar - 21 | 77.16 | A | | | 100.9 | A++ | | | 100 | A++ | 92.31 | A+ |
| Bhadrapur - 11 | 104.16 | A++ | | | 84.09 | A | | | 86.9 | A+ | 91.96 | A+ |
| KTM 1 - 27 | 91.06 | A+ | | | 106.2 | A++ | 77.45 | A | | | 90.65 | A+ |
| Krisnanagar - 30 | 98.37 | A++ | | | 86.98 | A+ | | | 74.39 | B | 87.19 | A+ |
| Biratnagar - 12 | 89.92 | A+ | | | 77.44 | A | | | 92.14 | A+ | 86.22 | A+ |
| Dharan - 13 | 103.11 | A++ | | | 58.87 | C | | | 97.38 | A++ | 85.91 | A+ |
| Bharatpur - 19 | 97.03 | A++ | | | 88.56 | A+ | | | 66.33 | B | 84.86 | A |
| Janakpur - 14 | 75.37 | A | | | 89.29 | A+ | | | 87.53 | A+ | 83.89 | A |
| LTO - 52 | 76.64 | A | 100 | A++ | 79.23 | A | 87.1 | A+ | 101 | A++ | 83.69 | A |
| Lahan - 15 | 76.27 | A | | | 92.07 | A+ | | | 82.36 | A | 83.63 | A |
| Bhairahawa - 24 | 72.11 | B | | | 86.2 | A+ | | | 90.24 | A+ | 82.48 | A |
| Simara - 16 | 79.81 | A | | | 94.49 | A+ | | | 71.45 | B | 82.44 | A |
| Lalitpur - 23 | 70.36 | B | | | 88.74 | A+ | | | 87.84 | A+ | 82.04 | A |
| Nepalgung - 26 | 98.9 | A++ | | | 66.44 | B | | | 78.54 | A | 81.43 | A |
| Butwal - 33 | 59.65 | C | | | 87.16 | A+ | | | 91.81 | A+ | 78.93 | A |
| Hetaunda - 18 | 73.69 | B | | | 79.47 | A | | | 67.93 | B | 73.99 | B |
| Pokhara - 22 | 51.69 | C | | | 75.81 | A | | | 88.33 | A+ | 71.12 | B |
| Dang - 51 | 66.83 | B | | | 41.5 | D | | | 94.52 | A+ | 66.27 | B |
| IRD Performance: 87.65(A+) | | | | | | | | | | | | |

| Grading Scheme | |
|---|---|
| A++ | 95 - 100 |
| A+ | 85 - 95 |
| A | 75 - 85 |
| B | 65 - 75 |
| C | 50 - 65 |
| D | 0 - 50 |

| IROs up to Poush | | |
|---|---|---|
| Grading | 69/70 | 70/71 |
| A++ | 5 | 4 |
| A+ | 8 | 7 |
| A | 4 | 9 |
| B | 5 | 3 |
| C | 1 | |

**TSO Grading Report up to Poush - 2070/71**

| | | Collection | | TPS | | Total | |
|---|---|---|---|---|---|---|---|
| S.N. | Office Names | Performance | Grade | Performance | Grade | Performance | Grade |
| 1 | TSO, Thamel | 99 | A++ | 107 | A++ | 102.9 | A++ |
| 2 | TSO, Koteshwor | 104 | A++ | 91 | A+ | 97.5 | A++ |
| 3 | TSO, Tangal | 109 | A++ | 86 | A+ | 97.4 | A++ |
| 4 | TSO, Kalanki | 103 | A++ | 85 | A+ | 94.4 | A+ |
| 5 | TSO, Kalimati | 105 | A++ | 81 | A | 92.6 | A+ |
| 6 | TSO, Putalisadak | 98 | A++ | 81 | A | 89.7 | A+ |
| 7 | TSO, Balaju | 96 | A++ | 82 | A | 88.6 | A+ |
| 8 | TSO, New Baneshwor | 92 | A+ | 85 | A | 88.1 | A+ |
| 9 | TSO, Tripureshwor | 99 | A++ | 77 | A | 88 | A+ |
| 10 | TSO, New Road | 98 | A++ | 74 | B | 86 | A+ |
| 11 | TSO, Battisputali | 95 | A+ | 76 | A | 85.5 | A+ |
| 12 | TSO, Maharajgunj | 90 | A+ | 74 | B | 82.2 | A |
| 13 | TSO, Chabahil | 89 | A+ | 75 | B | 82.1 | A |
| | Office Performance:90.39(A+) | | | | | | |

| Grading Scheme | |
|---|---|
| Grade | Percentage |
| A++ | 95 - 100 |
| A+ | 85 - 95 |
| A | 75 - 85 |
| B | 65 - 75 |
| C | 50 - 65 |
| D | 0 - 50 |

| TSOs up to Poush | | |
|---|---|---|
| Grading | 69/70 | 70/71 |
| A++ | 8 | 3 |
| A+ | 5 | 8 |
| A | 0 | 2 |

प्रगतिको अवस्था हेर्दा आन्तरिक राजस्व कार्यालय तर्फ ४ वटा र करदाता सेवा कार्यालय तर्फ ३ वटा कार्यालयहरुले ९५ प्रतिशतभन्दा बढी प्रगति गरी **A++** ग्रेडिङ प्राप्त गरेका छन्। त्यसैगरी ७ वटा आन्तरिक राजस्व कार्यालयहरु र ८ वटा करदाता सेवा कार्यालयहरुले ८५ प्रतिशतभन्दा बढी प्रगति गरेर **A+** ग्रेडिङ प्राप्त गरेका छन् भने ७५ प्रतिशतभन्दा बढी प्रगति हासिल गरी आन्तरिक राजस्व कार्यालय तर्फ ९ वटा र करदाता सेवा कार्यालय तर्फ २ वटा कार्यालयहरुले **A** ग्रेडिङ प्राप्त गरेका छन्। ७५ प्रतिशतभन्दा कम प्रगति हासिल गरी **B** ग्रेडिङ प्राप्त गर्ने आन्तरिक राजस्व कार्यालयहरु ३ वटा मात्र रहेका छन्।

४७.६४ प्रतिशत, पौषसम्मको लक्ष्यको तुलनामा १०१ प्रतिशत र गत वर्षको यही अवधिको तुलनामा १२१ प्रतिशत बढी असुली भएको छ। अन्तःशुल्कको आन्तरिक तर्फको विश्लेषण गर्दा पौष मसान्तसम्मको लक्ष्यको तुलनामा १०१ प्रतिशत, वार्षिक लक्ष्यको तुलनामा ४५ प्रतिशत र गत वर्षको यही अवधीको असुलीको तुलनामा १२१ प्रतिशत प्रगति भएको देखिन्छ। यसै अवधीको पैठारी तर्फ लक्ष्यको तुलनामा १०१ प्रतिशत, वार्षिक लक्ष्यको तुलनामा ५१ प्रतिशत र गत वर्षको यही अवधीको असुलीको तुलनामा १२१.५७ प्रतिशत प्रगति भएको देखिन्छ।

स्वास्थ्य सेवा शुल्क र शिक्षा सेवा शुल्क तर्फ वार्षिक लक्ष्य क्रमशः रु.३७ करोड ९४ लाख र रु.३८ करोड २५ लाख रहेकोमा पौष महिनासम्मको लक्ष्य क्रमशः रु.२३ करोड १४ लाख र रु.१९ करोड २२ लाख राखिएको थियो। स्वास्थ्य सेवा शुल्क रु.२६ करोड ५ लाख संकलन भई वार्षिक लक्ष्यको तुलनामा ६८.६६ प्रतिशत, पौषसम्मको लक्ष्यको तुलनामा ११२.५८ प्रतिशत संकलन भएको छ। त्यसैगरी शिक्षा सेवा शुल्क पौष महिनासम्म रु.२५ करोड ७३ लाख संकलन भई वार्षिक लक्ष्यको तुनलामा ६७.२६ प्रतिशत, वार्षिक लक्ष्यको तुलनामा १३३.८३ प्रतिशत र गत वर्षको सोही अवधिको तुलनामा १५७.१८ प्रतिशतले वृद्धि भएको छ।

त्यसैगरी, भन्सार महसुल तर्फको वार्षिक लक्ष्य रु.६९ अर्व ३५ करोड ३९ लाख रहेकोमा पौष महिनासम्मको लक्ष्य रु.३२ अर्व ५५ करोड ९० लाख राखिएको र संकलन रु ३२ अर्व ४८ करोड ७१ लाख भई वार्षिक लक्ष्यको तुलनामा ४६.८४ प्रतिशत, पौषसम्मको लक्ष्यको तुलनामा ९९.७८ प्रतिशत र गत वर्ष सोही अवधिको तुलनामा ११९.९९ प्रतिशतको प्रगति हासिल भएको छ।

त्यसैगरी घरजग्गा रजिष्ट्रेशन दस्तुर तर्फको वार्षिक लक्ष्य रु.४ अर्व ५० करोड ५७ लाख राखिएकोमा पौष महिनासम्मको लागि रु.२ अर्व १४ करोड ११ लाख राखिएकोमा असुली रु.२ अर्व १५ करोड ५३ लाख भई वार्षिक लक्ष्यको तुलनामा ५६.४९ प्रतिशत, पौष महिनासम्मको लक्ष्यको तुलनामा ११० प्रतिशत र गत वर्षको सोही अवधिको तुलनामा १३५ प्रतिशतको प्रगति भएको छ। सवारी साधन कर तर्फ वार्षिक लक्ष्य रु.५ अर्व ५० करोड ३ लाख रहेको छ। सो मध्ये पौष महिनासम्मको लक्ष्य रु.२ अर्व ७५ करोड ५२ लाख रहेकोमा सो अवधिमा रु.२ अर्व २६ करोड ७४ लाख संकलन भई वार्षिक लक्ष्यको तुलनामा ४१.२२ प्रतिशत, पौषसम्मको लक्ष्यको तुलनामा ७९.७५ प्रतिशत र गत वर्षको यही अवधिको संकलनको तुलनामा १०५ प्रतिशत असुली भएको छ।

गैरकर तर्फको वार्षिक लक्ष्य रु.३९ अर्व ८६ करोड रहेको छ। जसमध्ये पौष महिनासम्मको लक्ष्य रु.१९ अर्व १५ करोड ८ लाख रहेकोमा रु.२० अर्व ६९ करोड ६८ लाख संकलन भएको छ। उक्त संकलित रकम वार्षिक लक्ष्यको तुलनामा ५१.९२ प्रतिशत, पौषसम्मको लक्ष्यको तुलनामा १०८ प्रतिशत र गत वर्षको यही अवधिको तुलनामा १४२.६४ प्रतिशत हो। यसरी हेर्दा यस आवको प्रथम ६ महिनामा गैरकर राजस्व तर्फको वृद्धिदर उत्साहजनक पाइएको छ। गैरकर राजस्वका दरहरूमा कुनै पुनरावलोकन हुन नसकिरहेको हालको अवस्थामा पनि यस शिर्षक तर्फको वृद्धिदर गत वर्षको तुलनामा १४२.६४ प्रतिशत हुनु अत्यन्त राम्रो कुरा हो।

अर्थतन्त्रले सकारात्मक दिशा लिन खोजेको संकेत धितोपत्र वजारको सूचकांक गत वर्ष यही अवधिमा ४८०.९ बाट यस वर्ष ७३३ भई निरन्तर उकालो लागि रहेको र शोधान्तर स्थिति रु.६८ अर्व २ करोड भएबाट पनि पाउन सकिन्छ।

अर्थ मन्त्रालयको आ.व. २०७०/०७१को राजस्वको वार्षिक लक्ष्य रु.३ खर्व ५४ अर्व ५० करोड मध्ये पौष महिनासम्मको लक्ष्य रु.१ खर्व ६८ अर्व १८ करोड रहेकोमा संकलन रु.१ खर्व ६३ अर्व ४४ करोड भई लक्ष्यको तुलनामा रु.४ अर्व ७३ करोड कम संकलन भएको छ। संकलित राजस्व रकम लक्ष्यको तुलनामा ९७.१८ प्रतिशत हो भने गत वर्षको यही अवधिको तुलनामा १२१.४६ प्रतिशत हो। आ.व. ०६९/७० मा संकलित राजस्वको १९.७६ प्रतिशतले वृद्धिदर रहने गरी आ.व. ०७०/०७१ को राजस्वको वृद्धिदर तोकिएको सन्दर्भमा समग्र वृद्धिदर २१.४६ प्रतिशत हासिल हुदा पनि लक्ष्य हासिल हुन भने सकिरहेको छैन।

## आर्थिक अध्यादेश २०७० ले प्रदान गरेका छुट सुविधाको प्रगति

नेपाल सरकारले आर्थिक अध्यादेश २०७० मार्फत् प्रदान गरेको छुट सुविधाको म्याद पौष मसान्तसम्म दिएको थियो। सो अवधिमा मुलुकभरबाट २८ हजार ५ सय ५२ जना करदाताहरुले उक्त छुट सुविधाबाट फाइदा लिएको र सोबाट रु.४८ करोड ५० लाख ७७ हजार राजस्व असुली भएको छ।

सो छुट सुविधाको उपयोग गर्ने सम्बन्धमा दफा ८ को व्यवस्था बमोजिम ३७० करदाताहरुले आ.व. २०६५/६६ को बुझाउन बाँकी शिक्षा सेवा कर र आर्थिक २०६६/०६७, ०६७/०६८ र ०६८/०६९ को विवरण सहित शिक्षा सेवा शुल्क बुझाएका छन्। त्यसैगरी दफा २१ (१) अन्तर्गत रहेर आ.व. २०६७/०६८ र २०६८/०६९ को आय विवरण र सोमा लाग्नेकर बुझाएर लाग्ने कर, शुल्क तथा व्याज मिनाहा पाउने करदाताको संख्या १७ हजार ५ सय ७ रहेको छ भने दफा २१ (२) अन्तर्गत रहेर आ.व. २०६८/६९ वा सो भन्दा अघिसम्मको मू.अ.कर विवरण र मू.अ.कर बुझाएर सोमा लाग्ने जरिवाना, थप दस्तुर र व्याज मिन्हा पाउने करदाताहरुको संख्या १ हजार १ सय ८५ रहेको छ।


आर्थिक अध्यादेश २०७० को दफा (२२) अन्तर्गत करको दायरा विस्तार गर्नका लागि चिकित्सक, कलाकार, इन्जिनियर, कानून व्यवसायी, लेखापरीक्षकलगायत जुनसुकै व्यक्ति वा निकायलाई आ.व. २०६८/०६९ भन्दा अगाडिका वर्षमा कर लाग्ने आय आर्जन गरेको तर त्यसरी आर्जित आयमा कर दाखिला नगरेको भएमा आ.व. २०६७/०६८, ०६८/०६९ को आय विवरण र कर दाखिला गरी स्थायी लेखा नम्बर लिएर सुविधाको सदुपयोग गर्ने करदाताहरुको संख्या ३ हजार ४ सय ९१ रहेको छ। त्यसैगरी दफा २३ अन्तर्गतको छुट सुविधाको प्रयोग गर्ने पत्रकार एवं संचार तथा प्रकाशन गृहहरुको संख्या ३३ वटा मात्र रहेको छ भने दफा २४ अन्तर्गत रहेर १ हजार ३ सय ३६ वटा सहकारी संघ संस्थाहरुले आयकर, शुल्क तथा व्याज मिन्हा सुविधा उपयोग गरेका छन्।

दफा २६ को उपदफा (१) र (२) अन्तर्गत पूर्वानुमानित कर विवरण पेश गर्ने करदाताको लागि भनेर ल्याइएको विशेष व्यवस्थाको सदुपयोग गर्ने करदाताहरुको संख्या क्रमशः ४ हजार ६४ र ५९ रहेको छ। छुट सुविधको सदुपयोग गर्नेकार्यमा दफा २७ अनुसारको सुविधाको सदुपयोग गर्ने ईंटा व्यवसायीहरुको संख्या उल्लेख्य रहेको पाइएको छ। यो व्यवस्थाको सदुपयोग गर्दै मुलुकभरबाट ५ सय ७ ईंटा उत्पादक उद्योगहरु मू.अ.करमा दर्ता भएका छन्।

# मू.अ.कर विवरणहरूको (E-Returns) विश्लेषण

आ.व. २०७०/७१ पौष महिनासम्मको मू.अ.कर विवरणहरुलाई सोही अवधिका आ.व. २०६९/७० र २०६८/६९ का विवरणहरुको अवस्थासँग तुलना गर्दा डेबिट विवरणको वृद्धिदर र डेबिट कर रकमभन्दा क्रेडिट विवरण तथा क्रेडिट कर रकम र शून्य विवरणको वृद्धिदर बढी पाइन्छ। विगत तीन वर्षको पौष मसान्तसम्मका मू.अ.कर विवरणहरुको तुलना गर्दा डेबिट विवरणको वृद्धिदर र डेबिट कर रकमभन्दा क्रेडिट विवरण तथा क्रेडिट कर रकम र शून्य विवरणहरुको वृद्धिदर बढीरहेको पाइन्छ। आ.व. २०६८/०६९ मा ५१ हजार ३ सय ९६ संख्यामा रहेको डेबिट विवरण आ.व. २०७०/७१ मा आइपुग्दा ५९ हजार ३ सय ५६ मात्र भएको छ तर क्रेडिट विवरण २०६८/६९ मा १ लाख ३१ हजार ६ सय ४२ बाट बढेर हाल १ लाख ८४ हजार ९ सय ७ पुगेको छ। शून्य विवरणको संख्यामा पनि उल्लेख्य वृद्धिभई यस अवधिमा १ लाख ५० हजार ५ सय ७३ पुगेको छ जुन आ.व. २०६८/६९ मा ९५ हजार ४ सय ७४ मात्र थियो। रकम तर्फ, आव २०६८/६९ मा डेबिट रकम भन्दा क्रेडिट रकम झण्डै ६ गुणा बढी रहेकोमा आ.व. २०७०/७१ मा आईपुग्दा सो फरक रकम झण्डै ७ गुणा बढी हुन पुगेको देखिन्छ। आ.व. २०६८/६९ मा डेबिट रकम रु.१० अर्व ९५ करोड २० लाख रहेकोमा आ.व. २०७०/०७१ मा आइपुग्दा यसमा झिनो मात्रामा मात्र वृद्धिभई रु.१३ अर्व ९७ करोड ६० लाख पुगेको छ। उता क्रेडिट रकम तर्फ भने आ.व. २०६८/६९ को रु. ६५ अर्व ८ करोड ३० लाखबाट आ.व. २०७०/७१ को पौष महिनासम्म आइपुग्दा रु.९४ अर्व ६२ करोड ९० लाख पुगेको छ।

e-VAT Returns up to Dec./Jan. 2013/014




| | Total Rtn. | Dr. Rtn. | Cr. Rtn. | Zero Rtn. | Dr.Amt.(Millions) | Cr.Amt.(Millions) |
|---|---|---|---|---|---|---|
| 2070/71 | 394836 | 59356 | 184907 | 150573 | 13976 | 94629 |
| 2069/70 | 331862 | 56980 | 166011 | 108871 | 11924 | 84603 |
| 2068/69 | 277512 | 51396 | 131642 | 94474 | 10952 | 65083 |

## राजस्व संकलनको कार्यालयगत विश्लेषण

आन्तरिक राजस्व विभाग अन्तर्गतका २३ वटा आन्तरिक राजस्व कार्यालयहरुमध्ये आ.व. २०७०/७१ को पौष महिनासम्ममा १६ वटा कार्यालयहरुले निर्धारित लक्ष्यभन्दा बढी राजस्व असुली गर्न सफल भएका छन्। अन्य ७ वटा कार्यालयहरुले लक्ष्य बमोजिमको असुली गर्न सकेका छैनन्। यसरी लक्ष्यभन्दा बढी राजस्व असुली गर्न सफल कार्यालयहरुमध्ये आन्तरिक राजस्व कार्यालयहरु कृष्णनगर र भैरहवाले लक्ष्यको तुलनामा क्रमश: १५१ प्रतिशत र १२४ प्रतिशतको वृद्धिदर हासिल गरेका छन्। लक्ष्यको तुलनामा ११० प्रतिशतभन्दा बढी असुली गर्न सक्ने अन्य कार्यालयहरुमा आन्तरिक राजस्व कार्यालयहरु जनकपुर, विरगञ्ज, हेटौडा, काठमाडौं क्षेत्र नं. २ र दाङ रहेका छन्।

२०७० पौष महिनासम्मको कार्यालयगत लक्ष्य र असुली

रू.हजारमा

| क्र.सं. | कार्यालय | २०७०।०७१ पौष सम्मको | | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| | | लक्ष्य | असुली | |
| १ | भद्रपुर | ४८५७२१ | ५२७२८८ | १०९ |
| २ | विराटनगर | १८३०१८५ | १६७९८५२ | ९२ |
| ३ | धरान | ८१३५४२ | ७५७०५० | ९३ |
| ४ | जनकपुर | ४०६२९० | ४५५२११ | ११२ |
| ५ | लाहान | ४७४४४१ | ५००४९३ | १०५ |
| ६ | सिमरा | ३३८९३०८ | ३४९७९५२ | १०३ |
| ७ | विरगंज | १७८३७०६ | १९७६५९४ | १११ |
| ८ | हेटौंडा | ८४१०४५ | ९४३८०१ | ११२ |
| ९ | भरतपुर | ३६९१२४५ | ३६८१६१८ | १०० |
| १० | धनगढी | ४०८४१२ | ४४३७४१ | १०९ |
| ११ | महेन्द्रनगर | २३३९८५ | २५२७३९ | १०८ |
| १२ | पोखरा | ११३६६९६ | ११३७९१७ | १०० |
| १३ | ललितपुर | २४०८२८० | २३०२५७४ | ९६ |
| १४ | भैरहवा | ८४९६३२ | १०५६०१२ | १२४ |
| १५ | काठमाण्डौं क्षेत्र नं ३ | ४१२७८९३ | ३९९०४४५ | ९७ |
| १६ | नेपालगंज | ७२८७०९ | ६६०६२२ | ९१ |
| १७ | काठमाण्डौं क्षेत्र नं १ | ४४६२२११ | ४४३०८३६ | ९९ |
| १८ | काठमाण्डौं क्षेत्र नं २ | १८४७८५६ | २१०५५१५ | ११४ |
| १९ | भक्तपुर | ८५८५१२ | ८४५९१६ | ९९ |
| २० | कृष्णनगर | २४२१७० | ३६५३७८ | १५१ |
| २१ | बुटवल | ९३९२५३ | ९७२९८८ | १०४ |
| २२ | दांग | २५७२३५ | ३००९२२ | ११७ |
| २३ | ठूला करदाता | २९९०६८५८ | ३०२४६७०१ | १०१ |
| जम्मा | | ६२१२३१८५ | ६३१३२१६५ | १०२ |

# कार्यालयहरुको अनुगमन तथा निरीक्षण



निरीक्षण भ्रमणका क्रममा अर्थमन्त्री श्री शंकरप्रसाद कोइराला, अर्थसचिव श्री शान्तराज सुवेदी, महानिर्देशक श्री टंकमणि शर्मालगायतका कर प्रशासनका कर्मचारीहरु

माननीय अर्थमन्त्री श्री शंकरप्रसाद कोइरालाले पौष ८ मा ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरको स्थलगत भ्रमण तथा निरीक्षण गरी अर्थतन्त्र सुदृढ, सक्षम र गतिशील बनाउन अगुवा कार्यालय भएको नाताले नमुनाको रुपमा काम गर्न निर्देशन दिनुभयो । कोइरालाले पुस महिना राजश्व बढाउने पर्व भएकाले यसलाई भरपूर उपयोग गर्न निर्देशन दिँदै यो महिनाको अपुग लक्ष्य अर्को महिना पूरा गर्छु भन्ने सुविधा नरहने भन्दै मन्त्री कोइरालाले भन्नुभयो- 'सरकार जान लाग्यो भन्ने अवधारणा पालेर पेशागत धर्मलाई कमजोर नबनाउनुस् । जसको सरकार आएपनि जो मन्त्री भएपनि कर प्रशासनले लिएको बाटो र लक्ष्य एउटै हो । जुनसुकै अर्थमन्त्रीले पनि हेर्ने भनेको अंक नै हो, अक्षर होईन ।' मन्त्री कोइरालाले मुलुकभर रहेका ६३३ करदाताकै व्यक्तिगत प्रोफाइलसहित तत्काल कार्ययोजना पेश गर्न आग्रह गर्नुहुँदै विशेष कार्यक्रम बनाएर पुस महिनाको लक्ष पुऱ्याउन निर्देशन गर्नुभयो । उहाले मन्त्रालयको सहयोग लिएर संस्थानहरुमा रहेको बाँकी वक्यौता उठाउन निर्देशन दिनुहुदै राजस्व प्रशासनको छवि सुधार्न विशेष आग्रह गर्नुभयो । सो क्रममा उहाँले मन्त्रिपरिषद्मा अपमान सहेर भएपनि कर्मचारीका लागि प्रोत्साहन भत्ता दिलाएको चर्चा गर्दै यसले कर्मचारीको छवि सुधार्न मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

सो क्रममा अर्थ सचिव श्री शान्तराज सुवेदीले अर्थ मन्त्रालय अन्तर्गतका निकायहरुको कार्य सम्पादन कमजोर वन्न नहुने भन्दै परिणाम आउने गरी कार्य गर्न आग्रह गर्नुभयो । पुस महिनामा स्पष्ट कार्ययोजना बनाएर दैनिक अनुगमन गर्न निर्देशन दिनुहुँदै अर्थसचिव श्री सुवेदीले बेरुजु फछ्यौंट र बक्यौता कर संकलनको लागि कार्य योजना तयार गरेर अगाडि बढ्न समेत आग्रह गर्नुभयो ।

अर्थ मन्त्रालय राजस्व प्रशासन महाशाखा प्रमुख श्री राजन खनालले आन्तरिक कर राजस्वको आधा हिस्सा कर उठाउने दायित्व बोकेको निकायले तोकिएको कर उठाउन प्रष्ट कार्य योजना सहित कार्य गर्नुपर्ने धारणा राख्नुभयो । व्यापार, निर्यात र उपभोग बढेको अवस्थामा कर संकलन नघट्ने भन्दै सहसचिव श्री खनालले अर्थ मन्त्रालयका पदाधिकारी सञ्चालक रहेको संस्थानहरुबाट नियमित एवं बक्यौता कर संकलन गर्नुपर्ने भएमा सहयोग माग्न समेत आग्रह गर्नुभयो ।

आन्तरिक राजस्व विभागका महानिर्देशक श्री टंकमणि शर्माले राजस्व प्रशासन जनशक्ति थप्नेभन्दा पनि सरल प्रविधि मार्फत कामलाई छिटो छरितो र पारदर्शी बनाउन लागि परेको जानकारी दिनुभयो । अर्थ मन्त्रालयका सहसचिव श्री शिशिरकुमार ढुंगाना, अर्को सहसचिव श्री रामशरण पुडासैनी र ठूला करदाता कार्यालयका प्रमुख कर प्रशासक श्री जगदीश रेग्मीले आर्थिक प्रशासनमा सुधारका सम्भाव्यताका विषयमा आ आफ्ना धारणा राख्नुभएको थियो ।

कार्यालय अनुगमन तथा निरीक्षण कै क्रममा माघ ३ देखि ६ सम्म अर्थ सचिव श्री शान्तराज सुवेदी, अर्थमन्त्रालयकै सहसचिव श्री कृष्णप्रसाद देवकोटा र आन्तरिक राजस्व विभागका उपमहानिर्देशक श्री गणेशप्रसाद पाण्डेयबाट आन्तरिक राजस्व कार्यालयहरु भरतपुर, भैरहवा र बुटवलको अनुगमन तथा निरीक्षण भयो । त्यसैगरी मंसिर ९ गते अर्थ सचिव श्री शान्तराज सुवेदीको नेतृत्वमा, अर्थ मन्त्रालयको निरीक्षण टोलीबाट आन्तरिक राजस्व कार्यालय ललितपुरको समेत अनुगमन तथा निरिक्षण भयो । उक्त टोलीमा अर्थमन्त्रालयका सहसचिवहरु श्री राजन खनाल, श्री रामशरण पुडासैनी र श्री शिशिरकुमार ढुंगाना, आन्तरिक राजस्व विभागका उपमहानिर्देशकहरु श्री राजेन्द्रप्रसाद शर्मा र श्री राममणि दुवाडी, अर्थ मन्त्रालयका उपसचिवहरु श्री डिकरदेव भट्ट र श्री जीवन घिमिरे, र आन्तरिक राजस्व विभागका निर्देशक श्री महाराज कोइरालाको सहभागीता रहेको थियो ।

अनुगमन तथा निरीक्षणका क्रममा अर्थ सचिव श्री सुवेदीले छनौटमा परेका फाईलहरुको कर परीक्षण यसै आ.व.भित्र सम्पन्न गर्न प्राथमिकता निर्धारण गरी कार्यगर्न, डेक्स अडिटमाभन्दा फिल्ड अडिटमा जोड दिन, राजस्वको दिगो आधारको रुपमा मू.अ.कर रहेको र मू.अ.करको प्रभावकारितामा नै आयकरको प्रभावकारिता निर्भर हुने भएकोले बजार अनुगमन, नयाँ दर्ता र अनुसन्धानमा केन्द्रित हुन निर्देशन दिनुभयो । अनुसन्धानलाई थप नतिजामूखी र प्रभावकारी तुल्याउनु पर्नेतर्फ समेत अर्थ सचिव श्री सुवेदीको जोड थियो । त्यसैगरी, उहाँले बक्यौता कर असुली एवं बेरुजु फछ्र्यौटलाई अझ प्रभावकारी वनाउन कार्ययोजना वनाएर कार्यगर्न, आर्थिक अध्यादेश २०७० ले प्रदान गरेका छुट सुविधाको उपयोगमा सहभागिताको स्तर त्यति सन्तोषजनक नभएकाले सघन बजार अनुगमन गरी छुट हुन गएका करदाताहरुको दर्ता गराउने कार्यलाई प्राथमिकता दिन र अन्तःशुल्कजन्य वस्तुको कारोवारलाई थप नियमन गर्न समेत निर्देशन दिनुभयो ।

आन्तरिक राजस्व कार्यालय, ललितपुरलाई निर्देशन गर्दै अर्थ सचिव श्री सुवेदीले कार्यालयको विगत चार वर्षमा उत्कृष्ट कार्यालयको रुपमा सफलता हाँसिल गरेको उल्लेख गर्दै यस वर्ष पनि उत्कृष्ट कार्यालयको रुपमा रहन निर्देशन दिनु भयो । साथै यस कार्यालयको कार्यक्षेत्र रहेको जिल्ला शिक्षा क्षेत्रको हव नै भएकोले शिक्षा सेवा शुल्कको असुली बृद्धिका लागि, यस क्षेत्रमा विदेशीहरूको बसोबास धेरै भएकाले घरबहाल करको असुली बढाउन, सहकारी र अन्तर्राष्ट्रिय सघं संस्थाहरू धेरै संख्यामा भएकोले अग्रिम करकट्टीमा जोड दिन र कार्यालयको कार्य सम्पादन सूचकांकहरूमा समेत लक्ष्य अनुसारको प्रगति हासिल गर्न निर्देशन दिनु भयो ।

यसैगरी पुस २२ गते आन्तरिक राजस्व विभागका महानिर्देशक श्री टंकमणि शर्माको नेतृत्वमा विभागका उपमहानिर्देशक श्री राममणि दुवाडी, र निर्देशक श्री ध्यानकुमार थापाको टोलीद्वारा समेत आन्तरिक राजस्व कार्यालय ललितपुरको निरीक्षण भएको थियो ।


कुनै पनि कारोवार गर्नु अगाडि स्थायी लेखा नम्बर प्यान लिन नबिर्सौं ।

# आन्तरिक राजस्व कार्यालय, भक्तपुर

**परिचय :**

आन्तरिक राजस्व कार्यालय भक्तपुर उपत्यका भित्रको कार्यालय भए पनि यसको कार्यक्षेत्र जनकपुर अञ्चलसम्म फैलिएको छ। बाग्मती अञ्चलको तीन जिल्ला भक्तपुर, काभ्रेपलाञ्चोक र सिन्धुपाल्चोक र जनकपुर अञ्चलको दोलखा र रामेछाप जिल्ला समेत समेटिएर यस कार्यालयको कार्यक्षेत्र पाँच जिल्ला रहेको छ । काभ्रेपलाञ्चोकको धुलिखेलमा करदाता सेवा कार्यालय स्थपना भई कर दर्ता र कर संकलनको कार्य गरिरहेको छ । २०७० साल माघ १५ सम्म यस कार्यालयको कार्यक्षेत्र अन्तरगत जम्मा २८५६८ करदाता दर्ता रहेकोमा ५७१८ करदाता मू. अ. करमा समेत दर्ता भएका छन् ।

**राजस्व संकलनको तुलनात्मक अवस्था :**

यस कार्यलयको गत आ. व. २०६९/७० को राजस्व लक्ष्य रु.१ अर्व २७ करोड ३९ लाख ४५ हजार रहेकोमा रु.१ अर्व ३४ करोड ६० लाख २१ हजार असूली भई कुल लक्ष्यको १०६ प्रतिशत असूल गर्न सफल भएको थियो। बिगत तीन वर्षको तुलनात्मक राजस्व असुलीमा यस कार्यालयले आ. व. २०६७/०६८ मा लक्ष्यको १०७ प्रतिशत र २०६८/६९ मा लक्ष्यको १०९ प्रतिशत राजस्व असुल गर्न सफल भएको थियो। आ. व. २०७०/७१ को पौष महिनासम्मको राजस्व लक्ष्य रु.८५ करोड ८५ लाख १२ हजार रहेकोमा रु.८४ करोड ५८ लाख ७३ हजार असुली भई लक्ष्यको ९९ प्रतिशत प्रगति भएको छ। चालु आ. व.को वार्षिक लक्ष्य रु.१ अर्व ६४ करोड ९५ लाख ७० हजारमध्ये पौष समान्तसम्मको रु.८४ करोड ५८ लाख ७३ हजार असुल भई असुल हुन बाँकी रु.८० करोड ३६ लाख ९७ हजार आषाढ सम्ममा असुल गर्न कार्यालय प्रयत्नरत रहेको छ। बिभागले दिएको **functional indicators** र अन्य निर्देशन अनुसार कार्य सम्पन्नगरि उक्त राजस्व संकलनको लक्ष्य पुरा गर्न सकिने कार्यालयको अपेक्षा रहेको छ।

यस कार्यालयको बिगत दुई वर्षको राजस्व बृद्धिदर अघिल्लो अवधिको तुलनामा आ.व. २०६८/०६९ मा ३३ प्रतिशत र आ.व. २०६९/७० मा २९ प्रतिशत रहेको छ। आ.व. २०७०/०७१ मा समेत करिब २९ प्रतिशत नै बृद्धि गरी लक्ष्य निर्धारण गरिएको छ। नियमित रुपमा बजार अनुगमन, व्यापक मात्रमा करदाता शिक्षा कार्यक्रमहरुको सञ्चालन, ठूलो मात्रामा बक्यौता राख्ने करदाताहरुलाई कार्यालयबाट नियमित रुपमा ताकेता तथा कानुनी कारबाही गर्नु, कार्यालयबाट उपलब्ध गराउने सेवालाई बक्यौतासँग **Link** गर्नु, राजस्व छली गर्ने करदाताहरुको गुणात्मक परीक्षण तथा अनुसन्धान गर्नु र अग्रिम कर कट्टी गर्नु पर्ने निकायहरुका नियमित रुपमा अनुगमन गरी नियमित रुपमा कर कट्टी तथा दखिला गर्न जानकारी गराइएको कारणहरुले गर्दा बिगत तीन वर्ष देखि करीब ३० प्रतिशतको बृद्धि दर कायम रहन सकेको छ।



उत्तमभक्त वाग्ले, प्रमूख कर अधिकृत

**Functional Indicators को प्रगति :**

गत आ.व. २०६९/७० मा यस कार्यालयको कार्यगत लक्ष्य प्रगतिमा ९६.०५ प्रतिशतका साथ **A++ Grading** मा रही आन्तरिक राजस्व बिभागको २२ वटा आन्तरिक राजस्व कार्यालय मध्ये १० औं स्थानमा रहन सफल भएको थियो। यस वर्षको पौष मासन्त सम्ममा कुल २७४० करदाताहरु कायकरमा दर्ता भएका छन् जसमध्ये २५० करदाताहरु मू.अ.करमा समेत दर्ता भएका छन्। त्यसैगरी ब्यक्तिगत स्थायी लेखा नम्बर **PIT** मा १९५६ करदाताहरु दर्ता भएका छन्। यस आ.व.को पौष मसान्तसम्ममा यस कार्यालयले रु.३८ लाख ७६ हजार बेरुजु फछ्र्यौट गरिसकेको छ। यस आ. व. को पौष मासन्तसम्ममा मू. अ. करतर्फको **Nonfiler** करीब २६ प्रतिशतमा रहेको छ।

**करदाता शिक्षा :**

गत आ. व. २०६९/७० मा २९ वटा करदाता शिक्षा कार्यक्रमहरु सञ्चालन गरी करीब १००० करदाताहरुलाई करदाता शिक्षा प्रदान गरिएको थियो। त्यसैगरी यस आ.व.को पौष मसान्तसम्ममा २३ वटा करदाता शिक्षा कार्यक्रमहरु सम्पन्न भैसकेका छन् जसबाट करीब ७०० करदाताहरु लाभान्वित भएका छन्। करदाता शिक्षा कार्यक्रमहरुको सञ्चालनमा पाँचै जिल्लाका उद्योग बाणिज्य संघ, बिभिन्न बस्तुगत संघहरुलगायत स्कुल, कलेज, तथा सरकारी तथा गैर सरकारी संघ संस्थाहरुको समेत समन्वय रहेको छ। यसबाट करदाताहरुको दर्ता संख्या बढ्नुको साथै करदाताको **Tax Compliance** बढाउनमा थप योगदान पुग्नुको साथै **Functional Indicators** हरुको लक्ष्य पुऱ्याउन समेत सकरात्मक प्रभाव परेको छ।

**आर्थिक अध्यादेश, २०७० ले प्रदान गरेका छुट सुविधाको कार्यान्वयन**

आर्थिक अध्यादेश, २०७० को दफा २१ (१) अनुसारको छुट सुविधाबाट ७०७ जना करदाताहरु लाभान्वीत भएका छन् भने २१(२) को सुविधा १५ करदाताहरुले उपयोग गरेका छन् । त्यसैगरी दफा २२ अनुसारको सुविधा उपयोग गर्दै ५०२ करदाताहरु करको दायरामा आएका छन् । आर्थिक अध्यादेश, २०७० को दफा २३ अनुसार २ करदाताहरु र दफा २४ अनुसार २१८ सहकारी संघ संस्थाहरु करको दायरामा आएका छन् भने दफा २६ अनुसार **Mismatch** मा परेका पूर्व अनुमानित विवरण पेशगर्ने ४६७ करदाताहरुबाट आय कर तर्फ रु.१ करोड ९७ लाख ६५ हजार २३ र मू.अ. कर तर्फ रु.७१ लाख ५० हजार ८ सय ८१ थप राजस्व संकलन भएको छ। साथै दफा २७ अनुसारको सुविधा उपयोग गर्दै ६८ वटा ईंटा उद्योगहरु मू.अ. करमा दर्ता भएका छन्।

**करको दायरा बढाउन गरिएको थप प्रयासहरू :**

करको दायरा विस्तार गर्न नियमित बजार अनुगमन, करदाता शिक्षा तथा करको प्रचार/प्रसार गर्ने कार्य भई रहेको छ। त्यसैगरी घर जग्गा भाडामा दिनेहरुलाई करको दायरामा ल्याउन थप प्रयास समेत भईरहेको छ। जिल्लाका रहेका उद्योग बाणिज्य संघ बस्तुगत संघहरुको समन्वयमा दर्ता गर्ने कार्य समेत भईरहेको छ। नगरपालिका भित्र सञ्चालनमा रहेका मू.अ. कर ऐन २०५२ को दफा १० को उप दफा २ अनुसार अनिवार्य रुपमा मू.अ. करमा दर्ता हुन पर्ने व्यवसायहरुको पहिचान गरी दर्ता गराउने कार्य समेत तदारुकताका साथ भईरहेको छ। त्यसैगरी अरनिको राजमार्ग आसपास सञ्चालनमा रहेका रेष्टुरेण्टहरुलाई अनुसन्धान गरी मू. अ. करमा दर्ता गराउने कार्य भएको छ।

**कर परीक्षण तथा अनुसन्धान:**

आर्थिक वर्ष २०७०/७१ को वार्षिक कार्यगत लक्ष्य अनुरुप नै कर परीक्षण

## सूर्तीजन्य पदार्थ (चुरोट र बिडी बाहेक) को राजस्वमा योगदान

गत आ.व.को जेठ १ गतेबाट सूर्तीजन्य पदार्थ (चुरोट र बिडी वाहेक) मा अन्तःशुल्क टिकटको प्रयोग गर्न थालिएको हो। सो प्रयोग पश्चात् सूर्तीजन्य पदार्थ (चुरोट र बिडी वाहेक) बाट उत्साहजनक रुपमा राजस्व असुली भएको छ। अन्तःशुल्क टिकटको प्रयोग पश्चात् यस आ.व.को प्रथम सात महिनामा अन्तःशुल्क र मू.अ.कर गरी जम्मा रु ८८ करोड ९ लाख असुली भएको छ। जुन गत आ.व.को सोही अवधिको असुली भन्दा रु ७५ करोड ६९ लाख बढी अर्थात् ४८३ प्रतिशतले वृद्धि भएको पाइन्छ। सूर्ती तथा गुट्खामा अन्तःशुल्क टिकट लगाउनुभन्दा पहिले आ.व. ०६९/०७० मा रु २५ करोड ८७ लाख, आ.व. ०६८/६९ मा रु १६ करोड ६८ लाख र आ.व. ०६७/०६८ मा रु १० करोड ४६ लाख मात्र असुली भएको थियो।

तथा अनुसन्धान भएको छ। पौष महिनासम्मको लक्ष्यअनुसार ४० वटा करदाताहरुको बिस्तृत कर परीक्षण गर्नु पर्नेमा शत प्रतिशत कर परीक्षण भएको छ। गत वर्षहरुबाट सरीआएको आ.व. २०६५/०६६ को १५ वटा करदाताहरुको म्याद नाग्ने आय बिवरणहरु समय भित्र नै पूर्ण कर परीक्षण गरिएको छ। अनुसन्धान तर्फ हाल सम्म १३ वटा करदाताहरुको अनुसन्धनात्मक कर परीक्षण सम्पन्न भएको छ। आ.व. २०७०/७१ को पौष मसान्तसम्म पूर्ण कर परीक्षणबाट मू.अ. कर तथा आयकर समेत रु.१ करोड ८१ लाख ९० हजार १ सय २९ थप कर निर्धारण गरिएको छ। यसबाट यो वर्षको राजस्व असूलीमा समेत सकारात्मक प्रभाव परेको छ।

**कार्यालय प्रमूखको भनाई :**

आन्तरिक राजस्व कार्यालय भक्तपुर उपत्यका भित्रको कार्यालय भए पनि हरेक **Functional Indictor** हरुको उपलब्धि सन्तोषजनक थिएन। गत वर्ष फागुनमा मैले यस कार्यालयमा प्रमुख कर अधिकृतको जिम्मेवारी लिए पछि **Team spirit** अनुसार कर अधिकृत तथा अन्य कर्मचारीहरुको मिहेनतले आ.व. २०६९/७० को आषाढ मसान्त सम्ममा कार्यालयलाई तोकिएको लक्ष्य अधिकाशं पूरा गरी कार्यालय **A++ Grading** मा आउन सफल भयो। गत फागुन महिनासम्म कुनै पनि महिना **Incentive** दाबी गर्न नसकिएको कार्यालयले आषाढ मसान्तमा करीब ९० प्रतिशत **Incentive** खान सफल भयो। कार्यालयको कार्यक्षेत्र अन्तरगतको पाँचै जिल्लामा आफै पुगी करदाता शिक्षा तथा अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरियो। स्वयं कार्यालय प्रमुखको उपस्थितीबाट करदाताहरु उत्साहित भई **Tax Compliance** समेत बृद्धि भएको परिणामले देखाएको छ। त्यसै गरी कार्यालय पूर्णरुपमा **functional** प्रणालिमा सञ्चालन भएबाट कर अधिकृतलगायत सबै कर्मचारीहरु आफ्नो जिम्मेवारीमा थप लगाव तथा मिहेनतकासाथ कार्य सम्पादनमा लाग्न सक्षम भएका छन्। आर्थिक अध्यादेश २०७० को बिषेश व्यवस्थाअनुसार यस कार्यालय अन्तरगतका ६८ वटा ईटा व्यवयसायहरु मू.अ. करमा दर्ता भएपछि यिनिहरुले बास्तविक कारोबार अनुसार नै कर बिबरण दाखिला गर्ने आधार तय भएको छ। साथै मू.अ. कर असुलीमा समेत उल्लेख्य योगदान मिल्नेछ भन्ने मेरो बिश्वास रहेको छ। नेपाल सरकारको (म.प.) को निर्णयानुसार तत्कालीन भक्तपुर ईट्टा टायल कारखानाको जग्गा (९ रोपनी ७ आना) तथा सोमा निर्मित भवन यस कार्यालयलाई भोगाधिकार दिने भनिए अनुसार हाल भवनको मर्मत संभारको कार्य भईरहेको छ। निकट भविष्यमा कार्यालय स्थायी रुपमा आफ्नो भवनमा सर्ने योजना रहेको समेत जानकारी गराउँछु।

कार्यालय अन्तर्गतका सम्पूर्ण व्यवसायी मित्रहरुलाई कारोवार गर्नु भन्दा अगाडि दर्ता भई कारोवार सञ्चालन गर्न र दर्ता भएका करदाताहरुलाई नियमित रुपमा आफ्नो कर प्रतिको दायित्व निर्वाह गर्नु हुन अनुरोध गर्दछु। साथै उद्योग बाणिज्य संघ, विभिन्न बस्तुगत संघहरुसँग समेत कर सम्बन्धि कार्यमा सहकार्यको लागि सहयोगको अपेक्षा गर्दछु। साथै सम्पूर्ण कर्मचारीहरुलाई करदातामैत्री व्यवहार अपनाई कार्य गर्नु भएकोमा धन्यवाद दिन चाहन्छु।

## अन्तराष्ट्रिय तालिम तथा भ्रमण

अष्ट्रियाको भियनामा फेब्रुअरी ३ देखि ७ सम्म सञ्चालन भएको **International Tax Avoidance & Abuse of Tax Treaties** विषयक कार्यक्रममा विभागका उपमहानिर्देशक श्री राममणि दुवाडी र आन्तरिक राजस्व कार्यालय धनगढीका प्रमुख कर अधिकृत श्री दुर्गादत्त भण्डारी सहभागी हुनुभएको थियो।

त्यसै गरी, **Organisation of Economic Cooperation and Development (OECD)** को आयोजनामा **December** २ देखि ७ सम्म कोरियाको जेजु टापुमा सञ्चालन भएको Income Tax Workshop मा शाखा अधिकृत श्री राजकुमार पोखेल र कर अधिकृतद्वय श्री रामबहादुर कार्की र श्री लक्ष्मण ढुंगाना सहभागी हुनुभएको थियो भने कोरीया कै सियोलमा नोभेम्बर ४ देखि ९ सम्म सञ्चालन भएको Audit in Small & Medium Enterprises विषयक तालिम कार्यक्रममा शाखा अधिकृहरू श्री महेश ज्ञवाली, श्री किरण पौडेल र श्री रेणु तिमल्सिना भट्राई सहभागि हुनुभएको थियो। त्यसैगरी, कोरीया कै सियोलमा अक्टोवर १४ देखि १९ सम्म चलेको **Advanced Audit on Multinational Enterprises** विषयक तालिममा शाखा अधिकृतहरु श्री निर्मलकुमार शिवाकोटी, श्री कोशलेन्द्र रिजाल र लेखा अधिकृत श्री हरिनारायण राजभण्डारीको सहभागिता रहृयो भने सोही स्थानमा सेप्टेम्बर २ देखि ७ सम्म सञ्चालित **Transfer Pricing: Training of Trainers** विषयक कार्यक्रममा शाखा अधिकृतहरु श्री हरिबहादुर कार्की, श्री तुल्सीराम फुल्देल र श्री जानकी शाहको सहभागिता रहेको थियो र **Taking Advantage on the Convention of Administrative Assistance in Tax Matters** विषयक तालिम कार्यक्रम कोरिया कै सियोलमा जुलाइ २२ देखि २७ सम्म सम्पन्न भयो। सो कार्यक्रममा शाखा अधिकृतहरु श्री मनोज रेग्मी, श्री चन्दाकुमारी खकुरेल, र सहायक जिल्ला न्यायाधिवक्ता श्री विदुर कार्की सहभागि हुनुभयो।

**OECD** ले नै टर्किको अंकारामा नोभेम्बर २५ देखि २९ सम्म सञ्चालित **Tax Administration of Personal Income Tax** विषयक तालिम कार्यक्रममा निर्देशक श्री लक्ष्मी पराजुली, शाखा अधिकृत श्री मनिराम पौडेलको सहभागिता रहेको थियो भने सोही स्थानमा अक्टोवर ७ देखि ११ सम्म सञ्चालित **Tax Treaties: Special Issues** विषयक तालिममा निर्देशक श्री लोकप्रसाद न्यौपाने र निर्देशक श्री लेखनाथ शर्माको सहभागिता रहेको थियो र सेप्टेम्बर १६ देखि २० सम्मा सञ्चालित **Tax and Crime: Detecting Illicit Financial Activities** विषयक कार्यक्रममा आन्तरिक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं. ३ का प्रमुख कर अधिकृत श्री बलराम सापकोटा, कर सेवा कार्यालय कालिमाटीका प्रमुख कर अधिकृत श्री शिव कट्वाल र ठूला करदाता कार्यालयका कानून अधिकृत श्री अशोक खत्रीको सहभागिता रहेको थियो।

## कर शिविर तथा करदाता सम्मान कार्यक्रम

आन्तरिक राजस्व कार्यालय धरानको आयोजना र सुनसरी उद्योग बाणिज्य संघको सह आयोजनामा सुनसरी उद्योग बाणिज्य संघ धरानको परिसरमा मंसिर २८ गते कर शिविर (**Tax Clinic**) कार्यक्रम सञ्चालन गरि आयकर दर्ता, मु.अ.कर दर्ता, अन्तःशुल्क दर्ता र **Personel E-PAN** बितरण लगायतका सेवाहरु र **Online** बाट आयविवरण, कर विवरण र **e-tds** विवरण पेश गर्ने प्रकृयाको बारेमा करदाताहरुलाई जानकारी प्रदान गरिएको थियो । सो कार्यक्रममा करदाताहरुलाई आर्थिक ऐन २०७० ले दिएका छुट सुविधाको बारेमा जानकरी गराईनुका साथै सो छुट सुविधासँग सम्बन्धित ब्रोसियर तथा प्रचारप्रसार सामाग्री बितरण गरिएको थियो ।

सोही दिन उत्कृष्ट करदाता सम्मान तथा अन्तरक्रिया कार्यक्रम समेत सम्पन्न भयो । अन्तरक्रिया कार्यक्रममा छलफलको लागि आन्तरिक राजस्व कार्यालय धरानको तर्फबाट कर कार्यान्वयनको अवस्था बिषयक कार्यपत्र प्रस्तुत गरिएकोमा सो कार्यपत्र माथि सुनसरी उद्योग बाणिज्य संघका प्रथम उपाध्यक्ष श्री कृष्ण अग्रवालले टिप्पणी गर्नु भएको थियो । सो अवसरमा उक्त कार्यालय अन्तरगतका ७ जना उत्कृष्ट करदाताहरुलाई आन्तरिक राजस्व विभागका महानिर्देशक श्री टंकमणी शर्माको समुपस्थितिमा सम्मान गरियो । सो कार्यक्रममा प्रमुख अथितिको रुपमा रहनु भएका पूर्वाञ्चल क्षेत्रिय प्रशासक श्री शंकरप्रसाद अधिकारीले उत्कृष्ट करदाताहरुलाई प्रशसांपत्र प्रदान गर्नुका साथै आन्तरिक राजस्व बिभागबाट भएको कर सुधार प्रयासको प्रशंसा गर्नु भएको थियो । साथै आन्तरिक राजस्व कार्यालय धरानका प्रमुख कर अधिकृत श्री तुलसीराम सेढाईले कार्यक्रमको आवश्यकता र औचित्यमाथि प्रकाश पार्नु भएको थियो भने कार्यक्रमका अध्यक्षता ग्रहण गरिरहनु भएका आन्तरिक राजस्व बिभागका महानिर्देशक श्री टंकमणी शर्माले अन्तरक्रियाको क्रममा उठेका करदाताहरुका जिज्ञासाहरुको जवाफ दिनु भएको थियो । त्यसैगरी यस कार्यालयको कार्यक्षेत्र अन्तर्गतको भोजपुर जिल्लामा समेत पौष ५ गते कर शिविर तथा अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरिएको थियो ।

## आन्तरिक राजस्व कार्यालय विराटनगर

आन्तरिक राजस्व कार्यालय विराटनगरले दोश्रो राष्ट्रिय कर दिवस, २०७० को अवसरमा मंसिर २८ गतेका दिन मोरङको पथरी बजारमा कर सम्वन्धी अन्तरक्रिया तथा करदाताहरुको सम्मान कार्यक्रम भब्य रुपमा सम्पन्न गरेको छ । विभागका महानिर्देशक श्री टंकमणि शर्माको अध्यक्षता तथा प्रमुख आतिथ्यतामा सम्पन्न उक्त कार्यक्रममा पहिलो चरणमा मोरङका विभिन्न क्षेत्रका करदाता, उद्योग व्यापार संगठनका प्रतिनिधिहरुसँग अन्तरक्रिया र दोश्रो चरणमा उक्त कार्यालय अन्तरगतका २०६८/६९ मा सबैभन्दा बढी आयकर दाखिला गर्ने करदाता मध्ये नेरुडे लघुवित्त विकास बैंक लि., कन्काई आयल सप्लायर्स र हुलास मेटल क्राफ्ट प्रा.लि.लाई कदरपत्र सहित सम्मान गरिएको थियो । २०० भन्दा बढी करदाताहरु सहभागी रहेको उक्त कार्यक्रममा महानिर्देशक श्री टंकमणि शर्माले सहभागिहरुको जिज्ञासाको जवाफ दिनुभएको थियो । यसैगरी विराटनगर उपमहानगरपालिका र आसपासका क्षेत्रमा सञ्चालित सहकारी संघ संस्थाहरुका सञ्चालक, व्यवस्थापक वा कर्मचारी तथा सहकारीका लेखापरीक्षकहरुलाई लक्षित गरी आन्तरिक राजस्व कार्यालय, विराटनगर र डिभिजन सहकारी कार्यालय, विराटनगरले संयुक्त रुपमा पौष १४ मा बृहत् अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेका थिए ।

कार्यक्रममा सहकारी, कर कानून र बर्तमान अवस्था विषयक कार्यपत्र प्रस्तुत गर्दै कर अधिकृत श्री जीवनाथ ज्ञवालीले सहकारी संस्थाका वर्तमान अवस्था, वित्तीय विवरणको छानवीनका क्रममा देखिएका समस्या वा कैफियतहरु, आर्थिक अध्यादेश, २०७० को सहुलियत तथा व्यवस्थाहरु, आयकर ऐन, २०५८ मा सहकारी संस्थाहरुको कर सम्वन्धी व्यवस्थालगायतका विषयमा प्रस्तुतिकरण गर्नुभयो । राष्ट्रिय सहकारी संघका केन्द्रीय अध्यक्ष तथा पूर्व उद्योग मन्त्री केशव बडालले कार्यपत्र उपर टिप्पणी गर्दै सहकारी संघ संस्थाहरु कर कानुनको पालना गर्न तत्पर रहेको भन्दै आर्थिक अध्यादेश, २०७० का सहुलियतको लाभ लिन सबै सहकारी संस्थाहरुलाई आग्रह समेत गर्नुभएको थियो । कार्यक्रममा राष्ट्रिय सहकारी बैंकका अध्यक्ष श्री रमेशप्रसाद पोखरेल, तथा अन्य सहकारी संस्थाका पदाधिकारी र सहकारी लेखापरीक्षकहरुको ठूलो सहभागिता रहेको थियो ।

## आन्तरिक राजस्व कार्यालय, बुटवल

गुल्मी उद्योग बाणिज्य संघको आयोजनामा आन्तरिक राजस्व कार्यालय बुटवलका कर अधिकृत सहितको टोलीले गुल्मीका उद्योगी




कार्यक्रममा उपस्थित उद्योगी व्यवसायीहरु

व्यवसायीहरूसँग माघ १७ र १८ गते अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ । संघको सभाहलमा व्यवसायी, पेशाकर्मी, लेखापरीक्षक लगायत उपस्थित कार्यक्रमको सभापतित्व संघका अध्यक्ष श्री अखिलेश्वरप्रसाद पाण्डेले गर्नुभएको थियो । कार्यक्रमलाई सम्बोधन गर्दै कर अधिकृत श्री जीवराज निरौलाले सबै व्यावसायीहरूलाई करप्रणालीमा आबद्ध भएरमात्र व्यवसाय गर्न आग्रह गर्नुभयो । सो अवसरमा सहभागीहरूलाई आयकर, मू.अ.कर, अन्तःशुल्क, शिक्षा सेवा शुल्क तथा स्वास्थ्य सेवा शुल्कको बारेमा जानकारी समेत गराईएको थियो । कार्यक्रममा कम्प्यूटर अधिकृत श्री मनोजकुमार पाण्डेयले अनलाइन प्रणालीबाट **TDS** विवरण, आय विवरण तथा मू.अ.कर विवरण **Entry** गर्ने सम्बन्धमा जानकारी गराउनु भएको थियो । अधिकृतद्वयले सहभागीहरूको जिज्ञासाको जवाफ समेत दिनुभएको थियो ।

## अवैध मदिरा नष्ट

आन्तरिक राजस्व कार्यालय, लहान र स्थानीय प्रहरीबाट सयुक्त रुपमा सिरहा जिल्लाको सुखीपुर, धनगढी, जिरोमाईल, गोलबजार, चोहर्वा, लहानलगायतका क्षेत्रमा अबैध मदिरा नियन्त्रणका लागि पुस महिनाभर अनुगमन गरेको थियो । आन्तरिक राजस्व कार्यालय, लहानका


कर छलीको सूचना भएमा कर प्रशासनलाई दिई कर असुल गर्न सहयोग गरौं ।

कर अधिकृत श्री रमेश ओझाको नेतृत्वमा भएको अनुगमनको क्रममा पुस २८ सिरहा जिल्लाको लहान नगरपालिका, वडा नं. ५ स्थित खुट्टी खोलाको आसपासका छाप्राहरूबाट अबैद्य कच्चा रक्सी ४०० लिटर र



अवैध मदिरा नष्ट गर्दै प्रहरीहरु

तयारी रक्सी ६० लिटर फेला परेको थियो। सो रक्सी र रक्सी राखेका भाडाहरू स्थानीय बासीहरूको रोहबरमा ईलाका प्रहरी कार्यालय, लहानको सहयोगमा नष्ट गरियो।

## आन्तरिक राजस्व कार्यालय, जनकपुर

आन्तरिक राजस्व कार्यालय, जनकपुरले पुस ७ गते सर्लाहीको मलगंवामा, पुस ६ गते महोत्तरीको मटिहानीमा र मंसिर २८ गते सिन्धुलीमा करदाता शिक्षा तथा कर शिविर कार्यक्रमहरु सम्पन्न गरेको छ। सर्लाहीको मलगंवामा सञ्चालित कार्याक्रम सर्लाही उद्योग वाणिज्य संघका कार्यवाहक




करदाता शिक्षा कार्यक्रममा सहभागी कर्मचारी तथा व्यवसायीहरु

अध्यक्ष श्री सत्यनारायण अग्रवालको अध्यक्षतामा सम्पन्न भएको थियो। महोत्तरीको मटिहानीमा सञ्चालित कार्यक्रम महोत्तरी उद्योग वाणिज्य संघका अध्यक्ष श्री विजयकुमार साहको अध्यक्षतामा भएको थियो।

सर्लाही उद्योग वाणिज्य संघका कार्यवाहक अध्यक्ष श्री सत्यनारायण अग्रवालले यस्ता कार्यक्रम निरन्तर गरेमा धेरै व्यक्ति करको दायरामा आउने र राज्यले बढी भन्दा बढी कर प्राप्त गर्ने बताउनु भयो भने महोत्तरी उद्योग वाणिज्य संघका अध्यक्ष श्री विजयकुमार साहले विगतमा कर कार्यालय र करका कर्मचारीसँग डराउने व्यवसायी कर शिविरबाट लाभान्वित भएर निर्धक्कसँग नबुझेका कुरा भन्न सक्ने भएको बताउनु भयो। प्रमुख कर अधिकृत श्री रमेश अर्यालले करदातालाई डरले होइन स्वेच्छाले कर तिर्ने वातावरण सिर्जना गर्न र करको दायरा वढाउन कार्यालयले यस्ता कार्यक्रमहरु गर्दै आएको जानकारी गराउनु हुँदै करदाताको जिज्ञासाको जवाफ दिदै यथार्थ, पारदर्शी र व्यवसायिक भएर कारोवार गर्न, समयमै कर र विवरण बुझाई कानुनी कारवाहीबाट बच्न, आर्थिक अध्यादेश २०७० ले दिएको कर छुटको सुविधा उपयोग गर्न करदाताहरुलाई आग्रह गर्नु भएको थियो। कार्यक्रमहरुमा करदाताको आय विवरण र कर बुझ्ने, स्थायी लेखा नम्वर प्रदान गर्ने, अन्तःशुल्क इजाजतपत्र नविकरण गर्ने लगायतका कार्यहरू सम्पन्न गरिएको थियो। करदातालाई आयकर, मूल्य अभिबृद्धि कर, अन्तःशुल्क, शिक्षासेवा शुल्क, स्वास्थ्य सेवा शुल्क, घरवहाल करलगायतका विषयका साथै आर्थिक अध्यादेश २०७० ले करदाताका लागि दिएको छुट सुविधाको बारेमा समेत कर अधिकृतहरूले जानकारी गराउनु भएको थियो।

सर्लाहीको मलगंवामा सञ्चालित कार्यक्रममा सर्लाही भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत श्री टिकाराम भुसालले भन्सारसंग सम्वन्धित करदाताको जिज्ञासाको जवाफ दिनु भएको थियो। सो अवसरमा करदाताको कारोवार स्थलमा अनुगमन समेत गरिएको थियो। अनुगमनका क्रममा करदर्ता प्रमाणपत्र र करपाटी कारोवार स्थलमा राख्न, बिलविजक जारी गर्न, कर र विवरण समयमै बुझाउन, बक्यौता भएका करदातालाई बक्यौता दाखिला गर्न जानकारी गराइएको थियो।

मंसिर २८ गते सिन्धुलीमा सम्पन्न भएको कर शिविर कार्यक्रममा सिन्धुली उद्योग वाणिज्य संघका अध्यक्ष श्री सानुकाजी श्रेष्ठले दुर्गम गाउँका साना करदाता कर विवरण र कर बुझाउन कार्यालयमा जाँदा समय तथा लागत बढी लाग्ने गरेकोमा घुम्तीटोली एवं कर शिविरको माध्यमबाट विवरण र कर संकलन गर्दा करदाताको समय र लागत समेत बचत भएको भन्दै आगामी दिनमा पनि यस्ता कार्यक्रमहरुलाई निरन्तरता दिन आग्रह गर्नुभयो। प्रमुख कर अधिकृत श्री रमेश अर्यालले कर सहभागिता लागत घटाउन, करको दायरा विस्तार गरी राजस्व असुली बृद्धि गर्न र करदातामैत्री सेवाप्रवाह गर्न कार्यालयले आगामी दिनमा पनि यस्ता कार्यक्रमहरु निरन्तर गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। करदातामैत्री सेवा प्रवाह गर्ने क्रममा कार्यालयले यस अघि साउन र भाद्र महिनामा सर्लाहीको लालवन्दी, सिन्धुलीको सिन्धुलीमाडी, महोत्तरीको जलेश्वर र गौशलामा घुम्ती टोलीद्वारा कर एवं आयविवरण संकलन गरेको थियो। करदाता शिक्षा कार्यक्रम सञ्चालनकै क्रममा आन्तरिक राजस्व कार्यालय, जनकपुर र धनुषा मदिरा व्यवसायी संघको संयुक्त आयोजनामा मंसिर १७ गते जनकपुरमा करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। धनुषा मदिरा व्यवसायी संघका अध्यक्ष श्री जगदिश साहको अध्यक्षतामा भएको सो कार्यक्रममा मदिरा व्यवसायीहरूलाई आयकर, मूल्य अभिबृद्धि कर र अन्तःशुल्क सम्वन्धी विषयवस्तु समेटेर कर अधिकृतहरू श्री हरेश्वर मिश्र र श्री अम्विकाप्रसाद भट्टराइले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो।

सो कार्यक्रममा नेपाल मदिरा व्यवसायी महासंघका केन्द्रीय अध्यक्ष श्री नविनलाल श्रेष्ठले घरेलु मदिरा नियन्त्रणमा सम्वन्धित निकायले पहल गर्नुपर्ने बताउनुभयो। महासंघका महासचिव श्री विष्णु खड्काले मदिरा व्यवसायीहरूलाई कर सम्वन्धी जानकारी दिन करदाता शिक्षा कार्यक्रम निरन्तर गर्न आग्रह गर्नुभयो। सो कार्यक्रममा प्रमुख कर अधिकृत श्री रमेश अर्यालले मदिरा व्यवसायीहरूले राखेका जिज्ञाशाको जवाफ दिदै अन्तःशुल्क इजाजतपत्र लिएर मात्रै व्यवसाय गर्न, नक्कली अन्तशुल्क स्टिकर लागेका मदिराको शंका भएमा कार्यालयलाई जानकारी गराउन र अवैध मदिरा बिक्री वितरण नगर्न आग्रह गर्नुभयो। साथै कार्यालय एक्लैको प्रयासले मात्र अवैध मदिरा नियन्त्रण गर्न नसकिने भएकोले अवैध मदिरा नियन्त्रणको लागि सबैको सहयोगको अपेक्षा गर्नुभयो

# आन्तरिक राजस्व कार्यालय, ललितपुर

आन्तरिक राजस्व कार्यालय, ललितपुरको संयोजकत्व तथा नेपालमा कार्यरत अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको संगठन (ए.आइ.एन.) को आयोजनामा उक्त संस्थाका सदस्य रहेका गैर सरकारी संस्थाहरूका वित्तिय फांटमा कार्यरत कर्मचारीहरू बीच पौष ३० मा एक अन्तरक्रिया कार्यक्रम आयोजना गरियो । ए.आइ.एन.का सदस्य रहेका गैर सरकारी संस्थाहरूलाई नेपालको कर प्रणाली, विशेष गरी आयकर, र मूल्य अभिबृद्धि करको सम्बन्धमा जानकारी दिंदै तिनीहरूले पालना गर्नुपर्ने प्रावधानहरूका बारेमा स्पष्ट पार्ने तथा ती संस्थाहरूलाई आयकर र मूल्य अभिबृद्धि करका सम्बन्धमा आइपरेका समस्याहरूका बारेमा संस्थाका प्रतिनिधिहरूले उठाने गरेका विषयहरूमा सम्बोधन गर्नु यस कार्यक्रमको मुख्य उद्देश्य रहेको थियो ।

अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्ने क्रममा कार्यक्रमका प्रमुख अतिथि आन्तरिक राजस्व विभागका उप महानिर्देशक श्री राममणि दुवाडीले आन्तरिक राजस्व विभागले यस वर्षलाई पनि कर सहभागिता वर्षको रुपमा मनाई रहेको जानकारी गराउनुहुँदै कर तिर्नु सबैको जिम्मेवारी भएको र करलाई कसैगरी टार्न नसकिने भन्दै कार्यक्रमको आयोजना गरेकोमा ए.आइ.एन. लाई धन्यवाद् ज्ञापन गर्नुभयो ।

अन्तरक्रिया कार्यक्रममा ए.आइ.एन.का अध्यक्ष श्री आशुतोष तिवारीले स्वागत मन्तव्य राख्नुभएको थियो भने गैर सरकारी संस्थाहरूले पालना गर्नुपर्ने आयकर तथा मू.अ.करको प्रावधानहरूको बारेमा आन्तरिक राजस्व विभागका निर्देशक श्री गोपाल घिमिरेले प्रष्ट पार्दै सहभागीहरूबाट सोधिएका प्रश्नहरूको जवाफ प्रदान गर्नुभएको थियो । सो अन्तरक्रिया कार्यक्रममा आन्तरिक राजस्व कार्यालय, ललितपुरका प्रमुख कर अधिकृत श्री पदमकुमार श्रेष्ठ तथा अन्य कर्मचारीहरूको उपस्थिति रहेको थियो । कार्यक्रममा ए.आइ.एन.का सदस्य रहेका र आन्तरिक राजस्व कार्यालय, ललितपुर अन्तर्गतका अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरूका ५८ भन्दा बढी प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

# आन्तरिक राजस्व कार्यालय कृष्णनगर

आन्तरिक राजस्व कार्यालय कृष्णनगर कपिलबस्तुको आयोजना र उद्योग वाणिज्य संघ अर्घाखाँचीको संयोजकत्वमा माघ ११ गते




आन्तरिक राजस्व कार्यालय कृष्ण नगरले आयोजना गरेको कार्यक्रम

अर्घाखाँची जिल्लाको सदरमुकाम सन्धिखर्कको नवज्योति उच्च मा.वि.को हलमा एक दिने वृहद करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । सो कार्यक्रम का.मु. प्रमुख कर अधिकृत श्री गोविन्दप्रसाद अधिकारीको आतिथ्यतामा सम्पन्न भएको थियो । जिल्लाका सरोकारवाला कार्यालयका प्रमुखहरूको समेत उपस्थिति रहेको कार्यक्रममा कार्यालयका तर्फवाट कर अधिकृतद्वय श्री सूर्य सुर्खाली र श्री घनश्याम सुवेदीले करका विविध पक्षमा प्रष्ट पार्दै प्रशिक्षण र अभ्यास समेत गराउनुभएको थियो ।

कोष तथा लेखा निरीक्षण प्रमुख श्री मोतीप्रसाद भुषालले तालिम र दक्ष जनशक्तिको अभावले गर्दा अन्तःशुल्क प्रशासन गर्न कठिन भएको बताउनु भएको थियो । त्यसैगरी घरेलु तथा साना उद्योग विकास समितिका प्रमुखवाट जिल्लाका सम्पूर्ण दर्ता नभएका ईंटा उद्योगलाई यस वर्षभित्र दर्ता गराइसक्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा उठेका विविध प्रश्नको जवाफ सहितको मन्तव्यमा का.मु. प्रमुख कर अधिकृत श्री अधिकारीले यसै वर्षदेखि सम्पूर्ण करका विवरणहरू अनिवार्य अनलाईन गरिने, कर सहभागिता नजनाउने करदाताहरूलाई शुरुमा सूचना दिने, पत्राचार गर्ने र अटेरी गर्नेलाई कडा कारवाहीमा प्रक्रिया अघि बढाउने कुरा जानकारी गराउनु भएको थियो । उहाँले अर्घाखाँचीमा दर्ता नभई सञ्चालनमा रहेका ईंटा उद्योगहरूलाई कानुनी प्रक्रिया पुऱ्याई दर्ता प्रकृयामा आउन अन्तिम चेतावनी दिनुभएको थियो । आफ्नो कारोवारको विवरण र कर समयमै बुझाई व्याज, थप दस्तुर र जरीवानाबाट बच्न करदाताहरूलाई अनुरोध पनि गर्नु भएको थियो ।

# आन्तरिक राजस्व कार्यालय, नेपालगञ्ज

२०७० माघ २३ गते आन्तरिक राजस्व कार्यालय, नेपालगञ्जको आयोजनामा बचत तथा ऋण सहकारी संस्था लि. का पदाधिकारीहरुका साथ एक अन्तरर्क्रिया कार्यक्रम गरियो । सो अवसरमा प्रमुख



आन्तरिक राजस्व कार्यालय नेपालगञ्जद्वारा आयोजित कार्यक्रम

कर अधिकृत श्री बिनोदकुमार उपाध्यायले सहकारी संस्थाहरुको काम, कर्तव्य, आय स्रोतमा कर कट्टिबारेमा जानकारी गराउनुभएको थियो । सो क्रममा श्री उपाध्यायले करदाता र आन्तरिक राजस्व कार्यालयबीचमा हुनु पर्ने मैत्रीपूर्ण वातारवणका बारेमा प्रकाश पार्नुका साथै सहभागीहरुबाट उठाइएका प्रश्नहरुको उत्तर दिनु भएको थियो । कर अधिकृत श्री ध्रुवप्रसाद पाण्डेले अनुमानित कर विवरण, किस्ता रकम, आय विवरण, विवरणका किसिम, आयकर भुक्तानी, अग्रिम कर कट्टि, व्याज तथा शुल्क, कानुनी प्रकृया, दायित्व, लेखा अद्यावधिक राख्नु पर्ने आदिका बारेमा जानकारी गराउनु भयो । कम्प्युटर अधिकृत श्री चन्द्रबहादुर क्षेत्री तथा e–TDS तथा Personal e–PAN आदिका प्राविधिक विषयमा जानकारी


व्यापारी, व्यवसायी मात्र कर दाता होइनन्, करयोग्य आय आर्जन गर्ने आम नागरिक करदाता हुन् भन्ने धारणा वनाउ ।

दिनुका साथै अनलाइन विवरणको औचित्य, आवश्यकता, महत्वका बारेमा थप जानकारी दिँदै यसप्रति उत्प्रेरित हुन सहभागीहरुलाई अनुरोध गर्नुभएको थियो ।

## आन्तरिक राजस्व कार्यालय, भैरहवा

आन्तरिक राजस्व कार्यालय, भैरहवाको आयोजनामा रुपन्देही जिल्लाको मर्चवार क्षेत्रमा पर्ने रायपुर, कोटिहवा र लुम्बिनीमा करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रमहरु सम्पन्न गरिएको छ । अन्तरक्रिया कार्यक्रमहरुमा सहभागीहरुका जिज्ञासाको समाधान गर्दै प्रमुख कर अधिकृत श्री जनकराज शर्माले करदाता जागरण एवं सचेतना अभिबृद्धि गर्ने यस्ता कार्यक्रमहरु निरन्तर गर्दै जाने र यस्ता कार्यक्रमहरुको माध्यमबाट करदाताहरुको कर सहभागितामा बृद्धिहुने अपेक्षा गर्नुभयो । कर अधिकृत श्री प्रेमराज पोखेलले कर सम्बन्धी कार्यपत्र पेश गर्नुभएको उक्त कार्यक्रमहरुको एकीकृत बजार अनुगमन, करदाता चेतना सर्वेक्षण, घरबहाल कर सर्वेक्षण र करदाता शिक्षा मार्फत् कर दातालाई कर तिर्न उत्प्रेरित गर्न विभिन्न कार्यक्रम सञ्चालन गरिएको थियो । इण्द्रेणी ग्रामिण विकास केन्द्र नेपालको सहयोगमा रायपुरमा आयोजित कार्यक्रममा उद्योगी, व्यापारी र विभिन्न क्षेत्रका करदाताहरुको सहभागिता रहेको थियो भने कोटिहवाको स्थानीय लिस्नु युवा क्लबको संयोजनमा गरिएको कार्यक्रममा बिशेष गरी त्यहाँका स्टेशनरी व्यवसायी, हार्डवेयर व्यवसायी, बिद्युत, फेन्सी पसल, किराना पसल, मदिरा व्यवसायीहरु, होटल रेष्टुरेन्ट, सहकारी, पेट्रोलियम पदार्थ, मोटरसाईकल वर्कशप, सरकारी तथा निजी बिद्यालय, लगायतका करदाताहरुको सहभागिता रहेको थियो । त्यसैगरी लुम्बिनी होटल तथा रेष्टुरेन्ट व्यवसायी संघको सहयोगमा लुम्बिनीमा सम्पन्न कार्यक्रममा लुम्बिनी क्षेत्रका होटल तथा रेष्टुरेन्ट व्यवसायीहरुको सहभागिता थियो ।

## करदाता सेवा कार्यालय, कलंकी

करदाता सेवा कार्यालय, कलंकीको आयोजनामा कार्तिक १३ मा स्वयम्भूस्थित हिमालयन फुड क्याफेमा करदाता शिक्षा तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा आर्थिक अध्यादेश २०७०/७१ ले व्यवस्था गरेका छुट, सुविधा तथा सहुलियत बारे जानकारी गराईएको थियो । प्रमुख कर अधिकृत श्री डमरुप्रसाद पराजुलीको सभापतित्वमा सञ्चालित सो कार्यक्रममा कर तिर्नुको सान्दर्भिकताबारे आफ्ना धारणा राख्दै सम्पूर्ण क्षेत्रका व्यक्ति तथा निकाय करको दायरामा आउनुपर्ने, करदाताले आफ्नो यथार्थ कारोवारको विवरण दिनुपर्ने, थ्रेसहोल्ड नाघ्ने तथा कानुन बमोजिम मू.अ.क.मा दर्ता हुनुपर्नेले दर्ता भईहाल्नुपर्ने तथा मिसम्याच सम्बन्धी विषयबस्तुमा करदातालाई जानकारी गराउनुभएको थियो । साथै, करदाताले उठाएका प्रश्नहरुको जवाफ समेत प्रमुख कर अधिकृत श्री पराजुलीले दिनुभएको थियो ।

कार्यक्रममा नेपाल खुद्रा व्यापार संघका अध्यक्ष श्री पवित्र बज्राचार्यले करदाताका समस्या तथा गुनासाहरुमा जोड दिनुभएको थियो भने काठमाण्डौ ईटा व्यवसायी संघका अध्यक्ष श्री केदार गोसाईले पनि करदाता शिक्षाबाट करदाताले फाईदा लिनसक्नुपर्ने कुरामा जोड दिनु भएको थियो । कार्यक्रममा कर अधिकृत श्री दिलक आचार्यले आर्थिक अध्यादेश २०७०/७१ ले गरेका विषेश व्यवस्थाहरुबारे करदाताहरुलाई जानकारी गराउनु भएको थियो भने कर अधिकृत श्री छविलाल कोईरालाले कर प्रणाली सम्बन्धी विभिन्न विषयबस्तुहरुबारे कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

साथै २०७० पौष १३ मा उद्योग वाणिज्य संघ धादिङको सभाहलमा आर्थिक अध्यादेश २०७० र यसले दिएका छुट सुविधा तथा अन्य प्रावधानका बारेमा कर अधिकृत श्री सोमराज भारती र कर अधिकृत श्री सन्तोष यादवबाट जानकारी गराइयो । सो अवसरमा करदाताहरुले आयकर, मू.अ.कर, अन्तशुल्क, शिक्षा सेवा शुल्क, स्वास्थ्य सेवा शुल्क तथा समसामयिक अन्य कर सम्वन्धि विषयमा कर अधिकृत श्री छविलाल कोईरालाबाट करदाताहरुको जिज्ञासा समाधान समेत प्रस्तुत गर्नुभएको थियो । सो कार्यक्रममा दुवै उद्योग वाणिज्य संघका पदाधिकारीहरुको उपस्थिति रहेको थियो ।

## करदाता सेवा कार्यालय, त्रिपुरेश्वर

करदाता सेवा कार्यालय, त्रिपुरेश्वर र काठमाडौं विद्युतीय व्यवसायी संघको संयुक्त आयोजनामा पौष २६ गते शुक्रवारका दिन सुन्धारास्थित धरहरा वेकरी क्याफेमा कर शिक्षा तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । सो कार्यक्रमको मुख्य उद्देश्य आयकर तथा मू.अ.करमा दर्ता भएपछि पुरा गर्नुपर्ने कानुनी दायित्वहरूको जानकारी दिँदै करदाता र कर प्रशासन विच मैत्रीपूर्ण वातावरण निर्माण गरी कर सहभागितालाई



करदाता सेवा कार्यालय त्रिपुरेश्वरले आयोजना गरेको कार्यक्रम

अभिबृद्धि गर्नु एवं आर्थिक अध्यादेश २०७० ले कर सम्वन्धमा गरेको छुट तथा सहुलियत सम्वन्धमा जानकारी गराउनु रहेको थियो ।

सो अवसरमा प्रमुख कर अधिकृत श्री चन्द्रवहादुर खड्काले करदाताहरुलाई सम्वोधन गर्दै करदाता र कर प्रशासनका विच मैत्रीपूर्ण वातावरण निर्माण गर्न करदाताले समयमा सही मनसायले विवरण पेश गर्ने, कर रकम दाखिला गर्ने र लेखा अद्यावधिक राख्नुपर्ने भन्दै करदाताहरूले उठाएका प्रश्नहरूको समाधान समेत प्रदान गर्नु भएको थियो । त्यसै गरी उक्त कार्यक्रम नेपाल विद्युतीय व्यवसायी महासंघ अध्यक्ष श्री महेन्द्रकुमार राठीले करका नियमहरू परिपालना गरी आर्थिक अध्यादेश २०७० ले कर सम्वन्धमा गरेको छुट तथा सहुलियतको सदुपयोग गर्ने र गराउन प्रेरित गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

कार्यक्रमा कर अधिकृत श्री नारायणप्रसाद वास्तोलाले मू.अ.कर दर्ता, दर्ता पछि पूरा गर्नु पर्ने दायित्व, विजक, कम्प्युटर विलिङ, डेविट क्रेडिट नोट, दण्ड सजाय एवं दर्ता खारेजीलगायत अध्यादेश २०७० ले कर सम्वन्धमा गरेको छुट तथा सहुलियत (आयकर तथा मू.अ.करमा थप दस्तुर, शुल्क, व्याज तथा जरिवाना मिन्हा, करको दायरामा आउनेलाई शुल्क तथा व्याजमा मिन्हा, पूर्वानुमानित कर विवरण पेश गर्ने करदाताको लागि विशेष व्यवस्था/ मिसम्याच) सम्वन्धी बिषयहरूमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो भने कर अधिकृत श्री उर्मिला भण्डारीले अनुमानित कर विवरण, किस्ता रकम, आय विवरण, विवरणका किसिम, आयकर भुक्तानी, अग्रिमकर कट्टी, व्याज तथा शुल्क सम्वन्धी जानकारी गराउनु भएको थियो ।

# मन्त्रालयबाट निरीक्षण पश्चात् विभागीय विशेष निर्देशन

माननीय अर्थमन्त्रीज्यूबाट मिति २०७०।०९।०८ का दिन यस विभाग अन्तर्गतको ठूला करदाता कार्यालयको निरीक्षण पश्चात् भएको निर्देशन, अर्थ मन्त्रालयका सचिवज्यूसहितको निरीक्षण टोलीले २०७० मार्ग १७ र १९ गते ठूला करदाता कार्यालय, आन्तरिक राजस्व कार्यालय क्षेत्र नं. १, २ र ललितपुर कार्यालयहरुको निरीक्षण भ्रमण गरी यस विभागमा प्राप्त लिखित निर्देशनहरु र यस विभागबाट मिति २०६८।०३।३१, मिति २०६८।०८।१८, मिति २०७०।०७।०७ तथा समय समयमा जारी भएका विषयगत निर्देशनहरु समेतलाई ध्यानमा राखी तपसील बमोजिम गर्न महानिर्देशक श्री टंकमणि शर्माले पुनः निर्देशन जारी गर्नुभएको छ । यस पत्रमा उल्लेख भएका तथा यस विभागका निर्देशनहरुसमेत प्रभावकारीरुपमा कार्यान्वयन गरी गराई मासिकरुपमा विभागमा प्रतिवेदन पेश गर्नु हुन समेत जानकारी गराईएको छ ।

१. राजस्व संकलनलाई प्रभावकारी बनाउन वार्षिक तथा मासिक लक्ष्य बमोजिम राजस्व संकलन गर्न ठोस कार्ययोजना बनाई राजस्व संकलनलाई उच्च प्राथमिकता दिई कार्यसम्पादन गर्ने । ठूला करदाता कार्यालयले करदातापिच्छे र अन्य कार्यालयहरुले क्षेत्रगतरुपमा राजस्व असुलीको कार्ययोजना तयार गरी विभागको संकलन शाखामा पठाउने ।

२. बैक, वित्तीय संस्था, सहकारी संस्था, गैर सरकारी संस्था, सरकारी संस्थानहरुको कारोवार तथा निजी क्षेत्रबाट सञ्चालित शिक्षण संस्था, स्वास्थ सेवा प्रदायक संस्था र अस्पताललगायत अन्य करदाताहरुको कारोबारको नियमित अनुगमन गर्ने । ती संस्थाहरुले तिर्नु पर्ने आयकर, शिक्षा सेवा शुल्क, स्वास्थ्य सेवा कर, स्रोतमा कट्टी गरिएको कर र सोको विवरण तथा किस्ताबन्दी रुपमा दाखिला गर्नु पर्ने कर र विवरण दाखिला गरे नगरेको नियमित अुनगमन गर्ने र मासिक कार्ययोजना तयार गरी तोकिएको मासिक राजस्व लक्ष्य हासिल गर्ने ।

३. आर्थिक अध्यादेश, २०७० ले आयकर तथा मूल्य अभिबृद्धि कर दर्ता आय विवरण तथा कर विवरण संकलनलगायत अन्य विषयहरुमा गरेको विभिन्न छुट तथा सुविधाहरुको सम्बन्धमा करदाताहरुको उत्साहवर्द्धक सहभागिताको लागि उक्त व्यवस्थाहरुको प्रभावकारिता अभिबृद्धि गर्न सक्रिय रहने, सहभागिता जनाउने करदाताहरुको कर तथा विवरण बक्यौता सम्बन्धी अभिलेख अद्यावधिक बनाउने र नियमितरुपमा विभागमा प्रतिवेदन गर्ने ।

४. आर्थिक अध्यादेश, २०७० ले तोकेको अवधिभित्र तोकिए बमोजिम कर सहभागिता नजनाई आयकर तथा मूल्य अभिबृद्धि करमा दर्ता नगर्ने, आय विवरण तथा कर विवरण पेश नगर्ने तथा बक्यौता दाखिल नगर्ने व्यक्तिहरुलाई कानुन बमोजिम दर्ता गराउने, आय विवरण तथा कर विवरण संकलन गर्ने, कर निर्धारण गर्ने लगायतका कानुनी कार्यवाही गर्ने ।

५. नियमितरुपमा बजार सर्वेक्षण तथा अनुगमन गरी करको दायरामा नआएका व्यक्ति निकायहरुलाई आयकर, अन्तःशुल्क एवम् मूल्य अभिबृद्धि करमा दर्ता गराउने कार्यलाई थप प्रभावकारी बनाउने ।

६. उपत्यका लगायत अधिकांश प्रमुख व्यापारिक क्षेत्रहरुमा मूल्य अभिबृद्धि कर प्रयोजनको लागि दर्ता हुनु पर्ने कारोबार भएका करदाताहरु अझ पनि मूल्य अभिबृद्धि करमा दर्ता नभई आयकर प्रयोजनको लागि मात्र स्थायी लेखा नम्बर लिई कारोबार गरिरहेका छन् । त्यस्ता करदाताहरुको पहिचान गरी त्यस्ता करदाताहरुलाई मूल्य अभिबृद्धि करमा स्तरोन्नती गर्ने कार्यलाई सक्रियताका साथ सम्पन्न गर्ने ।

७. मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १० को उपदफा (२) मा उल्लिखित वस्तु वा सेवाको आपूर्ति गर्ने व्यक्तिलाई अनिवार्यरुपमा दर्ता गराउने । साथै तोकिएको कारोबार सीमाभन्दा बढी कर लाग्ने वस्तु तथा सेवाको कारोबार गर्ने कतिपय व्यवसाय र व्यक्तिहरु अझ पनि करको दायरामा नआएको देखिएको हुंदा आफ्नो कार्यक्षेत्रको नियमित अनुगमन गरी तोकिएको कारोबार सीमाभन्दा बढीको कारोबार गर्ने (जस्तैः सुपरमार्केट, सपिङ सेन्टर, कम्प्लेक्सभित्र ठूलो कारोबार गर्ने पसलहरु, मुख्य व्यापारिक क्षेत्र वा सडक वरिपरि सञ्चालन भएका ठूला कारोबार गर्ने व्यवसाय, एजेन्सी व्यवसाय, थोक बिक्रेता आदि) व्यक्तिहरुलाई मूल्य अभिबृद्धि करमा अनिवार्यरुपमा दर्ता गर्ने प्रक्रिया अघि बढाउने ।

८. दर्ता भएका करदाताले कारोबारको आवधिक कर विवरण वा आय विवरण पेश नगर्ने प्रवृत्ति बढेको पाइएको हुँदा त्यस्ता करदाताहरुसँग सम्पर्क गरी कर विवरण वा आय विवरण पेश गर्न सूचना दिने। अटेर गरी विवरण पेश नगरेमा सबै आन्तरिक राजस्व कार्यालय एवम् ठूला करदाता कार्यालयले कानुन बमोजिम कर निर्धारण गर्ने ।

९. आयकर तथा मूल्य अभिबृद्धि कर प्रयोजनको लागि दर्ता भएका कतिपय बिक्रेताहरुले बिल बिजक जारी नगर्ने र बिल बिजक जारी गरेता पनि कारोवार मूल्यमा जारी नगर्ने प्रबृत्ति नियन्त्रण गर्न बजार अनुगमन कार्यलाई नियमित, व्यापक र प्रभावकारी बनाउने । बजार अनुगमन गर्दा बिक्रेताहरुले बील बिजक जारी गरे नगरेको र जारी गरे तापनि न्यून मूल्यको बिजक जारी गरेको पाइएमा काठमाडौंस्थित करदाता सेवा कार्यालयहरुले मूल आन्तरिक राजस्व कार्यालयलाई जानकारी दिने र मूल कार्यालयले त्यस्ता बिक्रेताहरुलाई अनिवार्य रुपमा कारवाही गर्ने । अन्य आन्तरिक राजस्व कार्यालयहरुको हकमा कानुन बमोजिम तत्काल आफैले कार्यवाही गर्ने ।

१०. कम्प्युटर बिलिङको सुविधा लिई वा नलिई कारोबार गर्ने बिक्रेताले बिजक


वस्तु वा सेवा खरीद गर्दा अनिवार्य रुपमा बिल बिजक लिने दिने बानी बसालौं ।

जारी गर्न प्रयोग गरेको सफ्टवेयर तथा बिजक अनुगमन गर्ने, संक्षिप्त कर विजकको प्रयोग गर्न स्वीकृति लिएका व्यक्तिको बिजकको अनुगमन कार्यलाई उच्च प्राथमिकता दिने ।

११. मूल्य अभिबृद्धि कर विवरणहरुमध्ये लामो अवधिदेखि क्रेडिट विवरण पेश गर्ने करदाताहरुमध्ये बढी क्रेडिट रकम भएका करदाताहरुको कारोबार तथा मौज्दात भिडान गर्ने, शुन्य विवरण पेश गर्ने करदाताहरुको बारेमा सूचना तथा तथ्याङ्क संकलन गरी कारोबार लुकाएको फेला परेमा अबिलम्ब कार्यवाही गर्ने, तथा चालु वर्षको कर परीक्षण गर्न विभागबाट छनौट गरी पठाएका करदाताहरुको कर परीक्षण अबिलम्ब सम्पन्न गर्ने ।

१२. अन्तःशुल्क प्रशासनलाई चुस्त दुरुस्त र प्रभावकारी वनाउन इजाजत पत्रबिना मदिरा तथा सूर्तिजन्य पदार्थ बिक्री बितरण गर्न नपाइने व्यवस्थालाई कडाईकासाथ अनुगमन गर्ने । इजाजत पत्र लिएका व्यक्तिहरुले समेत खाद्य सामाग्री र मदिराजन्य पदार्थ एकै स्थानमा बिक्री बितरण गर्न नपाइने व्यवस्थालाई कडाईका साथ लागू गर्ने । साथै बजारमा बिक्री वितरणको लागि राखिएका चुरोट, मदिरा र वियर तथा सुर्तिजन्य पदार्थजस्ता वस्तुहरुमा स्टिकरहरुको प्रयोग भए नभएको अनुगमन गर्ने, प्रयोग भएका स्टिकरहरुको सेक्युरिटी फिचरको परीक्षण गर्ने ।

१३ कार्यालयहरुबाट गरिएको नियमित कर परीक्षणलाई अनुसन्धानमुलक, सूचना तथा तथ्यांकमा आधारित बनाउन आन्तरिक, बाह्य एवम् तेस्रो पक्षबाट सूचना संकलन, विश्लेषण गरी करारोपण गर्ने । ठूला करदाता कार्यालय तथा आन्तरिक राजस्व कार्यालय काठमाडौं क्षेत्र नं. १, २ र ३ को सांगठनिक संरचना र कार्य जिम्मेवारी विशिष्टकृत रहेको हुँदा यी कार्यालयहरुबाट गरिने कर परीक्षण तथा छानबिनको प्रक्रिया र परिणाम अन्य आन्तरिक राजस्व कार्यालयहरुको लागि मार्गदर्शक बन्न सक्नु पर्नेतर्फ सम्बन्धित कार्यालयका प्रमुख तथा जिम्मेवार कर्मचारीहरु सजग रहने ।

१४. कर परीक्षणको लागि छनौट गरिएका करदाताहरुमध्ये कार्यालयहरुबाट समयमै कर परीक्षण कार्य सम्पन्न गर्ने गरी कर परीक्षणको कार्ययोजना बनाई कर परीक्षण कार्य सम्पन्न गर्ने ।

१५. आयकर, मूल्य अभिबृद्धि कर, अन्तःशूल्क तथा अन्य कर सम्बन्धमा कर निर्धारण गर्दा कर निर्धारण गर्नु पर्ने आधार र कारण स्पष्ट उल्लेख गरी कर परीक्षण प्रतिवेदन, निर्णय पर्चा र कर निर्धारण आदेश जारी गर्ने । कर निर्धारण गर्नु पर्ने आधार र कारणहरुको विषयमा ऐन तथा नियमावलीका दफा, उपदफा, खण्ड तथा नियम उल्लेख गरी निर्णय पर्चा तयार गर्ने, कर निर्धारण आदेश जारी गर्ने, करदाताले दिएको लिखित जवाफको बुँदागत विश्लेषण एवम् खण्डन गरी निर्णयपर्चा तयार गर्ने व्यवस्था मिलाउने । कानूनी प्रकृयात्मक व्यवस्था पुरा भए नभएको बारेमा कार्यालय प्रमुखले नियमित निगरानी राख्ने । यस विपरित भएको पाईएमा कर निर्धारण आदेश जारी गर्ने कर्मचारीहरुको अभिलेख राखिने छ ।

१६. यस विभाग तथा राजस्व न्यायाधिकरण वा सम्मानित अदालतहरुमा बिचाराधीन रहेका पुनरावेदनका केसहरुको अभिलेख अद्यावधिक राख्ने । राजस्व न्यायाधिकरणबाट फैसला भएका मुद्दाहरुमा सम्मानित सर्वोच्च अदालतमा अनुमति माग गर्नु पर्ने अवस्था विद्यमान रहेमा सम्बन्धित कार्यालय प्रमुखले अनुमति माग गर्ने, अनुमति माग गर्नु पर्ने अवस्था विद्यमान नभएमा सोको आधार र कारण खोली विभागमा लेखी पठाउने र पूनः कर निर्धारण गर्ने । पूनः कर निर्धारण गर्नु पर्ने केसहरुको अभिलेख अद्यावधिक गरी पूनः कर निर्धारण गर्ने । समयमा पूनः कर निर्धारण नगरेको कारणले कर निर्धारण गर्ने म्याद समाप्त हुने वा राजस्व असुल गर्न नसकिने अवस्था सिर्जना भएमा यस्तो लापरवाही गर्ने कर्मचारीहरुको अभिलेख राखी आवश्यक कार्यवाही गरिने ।

१७. एक लाख रुपैयाँभन्दा बढी बक्यौता रहेका करदाताहरुलाई उच्च प्राथमिकताका साथ सम्पर्क गरी बक्यौता असुल गर्नु पर्ने भए असुल गर्ने र प्रमाण जुटाई हिसाब मिलान गर्नु पर्ने भए सो समेत आवश्यक कार्यवाही गरी बक्यौता न्युनीकरण कार्यलाई अभियानको रुपमा सञ्चालन गर्ने । ठूलो बक्यौता रकमलाई प्राथमिकता दिई कानूनी कार्यवाही गरी बक्यौता असुल गर्ने ।

१८ विगत केही वर्षदेखि यस विभाग तथा कार्यालयहरुको वार्षिक बेरुजु सम्परीक्षण लक्ष्य अनुसार प्रगति भएको छ । यस परम्परालाई कायम राख्दै बेरुजु सम्परीक्षणतर्फ विशेष जोड दिई बेरुजु सम्परीक्षण गर्ने गराउने व्यवस्था मिलाउने ।

**प्रकाशक**
आन्तरिक राजस्व विभाग
लाजिम्पाट, काठमाडौं
फोन नं.: ०१-४४१५८०२, ४४१५८०३, ४४१९७१९
Email: taxbulletin@ird.gov.np
website: www.ird.gov.np

**संरक्षक**
टंकमणि शर्मा

**सम्पादक मण्डल**
मदन दहाल
गोपालप्रसाद घिमिरे
ढुण्डीराज दाहाल
महाराज कोइराला
चन्द्रकला पौडेल
राजकुमार पोखेल